# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २५६ काठमाडौं सोमबार, १ माघ २०८० Prabhab National Daily Monday, January 15, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



**भूकम्पको जोखिमबाट बच्ने उपाय**

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका समान, पानी ट्यांकी नहाल्ने र नखस्नेगरी बलियोसँग राखौं,
- घर, स्कुल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरूको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


मेलम्ची खानेपानी

# उद्घाटनमा होड, स्थायी समाधानमा छैन चासो





- **२०७७ असार २१ गते** सिन्धुपाल्चोकका तत्कालीन प्रजिअ उमेश ढकालले सुरूङमा पहिलोपटक पानी पथान्तर
- **२०७७ फागुन १० गते** हेडवर्क्स क्षेत्रमा भव्य कार्यक्रम गरी तत्कालीन खानेपानीमन्त्री मणि थापाद्वारा पानी पथान्तर
- **२०७७ फागुन २२ गते** तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सुन्दरी जल पुगेर फ्लसिङ टनेलको हाइड्रो मेकानिकल गेटको बटन थिचेपछि मेलम्चीको पानी सुन्दरीजलमा
- **२०७७ चैत २० गते** तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले भृकुटीमण्डप पुगेर खानेपानी वितरण उद्घाटन
- **२०७८ चैत २९ गते** तत्कालीन खानेपानीमन्त्री उमाकान्त चौधरी अम्बाथान पुगेर पुनः पानी पथान्तरण
- **२०७९ वैशाख ११ गते** मा मीनभवनस्थित केयुकेएलको मुख्यालय पुगेर मन्त्री चौधरीबाट पुनः वितरण उद्घाटन
- **२०७९ मंसिर २३ गते** महाँकालस्थित केयुकेएलको वितरण केन्द्र पुगेर मन्त्री चौधरीबाटै वितरण उद्घाटन
- **आज (२०८० माघ १ गते)** प्रधानमन्त्री पुष्पकमल दाहालले सिंहदरबारबाट धारा खोलेर वितरण उद्घाटन गर्दै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले आज बिहान ९ बजे मेलम्चीको पानी पथान्तरण गर्ने भएका छन् । बिहीबार मेलम्चीबाट सुरुङमा पथान्तरण गरिएको पानी सुन्दरीजल आइपुगिसकेको छ । उक्त पानी उपत्यकाबासीको धारामा पुग्नेगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रधानमन्त्री दाहालले पथान्तरण गर्न लागेका हुन् ।

'खानेपानी पथान्तरणको सम्पूर्ण तयारी पूरा भइसकेको छ । ९ बजे प्रधानमन्त्रीज्यूले सिंहदरबारबाटै उद्घाटन गर्नुहुन्छ,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले भने । बिहीबारबाट पठाइएको पानी शनिबार नै सुन्दरीजल आइपुगेको मेलम्ची खानेपानी आयोजनाका प्रवक्ता राजेन्द्र पन्तले बताए । आयोजनाको काम सुन्दरीजलसम्म मेलम्चीको पानी ल्याउने रहेको छ । त्यसपछि काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले व्यवस्थापन गर्ने प्रक्रिया रहेको छ ।

### उदघाटनमा होड

कुनै बेला 'ड्रिम प्रोजेक्ट'का रूपमा लिइएको मेलम्ची खानेपानी अहिले उपभोक्ताले साधारण मान्न थालेका छन् । तर मन्त्रीहरूले भने मेलम्चीको पानी उद्घाटनमा पटक-पटक मोह देखाउन थालेका छन् । पहिलोपटक २०७७ असार २१ गते सिन्धुपाल्चोकका तत्कालीन प्रजिअ उमेश ढकालले सुरुङमा पहिलोपटक पानी पथान्तर गरेका थिए । उक्त पानी सुरुङ परीक्षणका लागि पथान्तरण गरिएको थियो । पानी परीक्षणका लागि हालिएको नौ दिनमै असार ३० गते हेलम्बुको अम्बाथानमा रहेको हेडवर्क्सस्थित सुरुङको ढोका खुस्किएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

राष्ट्रिय सभा निर्वाचन

# भोलिदेखि आचारसंहिता लागू हुने

■ **जेबी योञ्जन**

**काठमाडौं–** निर्वाचन आयोगले संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभा निर्वाचनलाई लक्षित गरेर आचारसंहिता लागू गर्ने भएको छ । आचारसंहिता निर्वाचन सम्पन्न नभएसम्म लागू हुने आयोगले जनाएको छ । आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार भोलि (माघ २ गते)देखि आचारसंहिता लागू हुने छ ।

आयोगले निर्वाचन आचारसंहिता, २०७९ को दफा ४, दफा ५ को खण्ड (क), खण्ड (क १) र खण्ड (छ), दफा ९, दफा १४, दफा १६, दफा १७, दफा १८, दफा २१ र दफा २२ को व्यवस्था लागू गर्न लागेको हो । मतदानको ४८ घण्टा अगाडिदेखि मौन अवधि सुरू हुने पनि आयोगले जनाएको छ । आयोगका प्रवक्ता शर्माले माघ ८ गते मध्यराति १२ बजेदेखि उक्त मौन अवधि सुरू हुने बताए । त्यस अवधिमा निर्वाचनको प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला गोष्ठी गर्न पाइने छैन ।





## उम्मेदवारलाई साढे तीन लाखको खर्च सीमा

राष्ट्रिय सभा सदस्य निर्वाचनको खर्च सीमा तोकिएको छ । निर्वाचन आयोगले उम्मेदवारहरूलाई साढे तीन लाख रूपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकेको हो ।

आयोगका अनुसार मतदाता नामावली खरिद, सवारीसाधन, सवारीसाधनको इन्धन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी, अन्तरक्रिया, प्रचारप्रसार, कार्यालय सञ्चालन र प्रतिनिधि परिचालनमा उम्मेदवारहरूले खर्च गर्न पाउने छन् । तर, खर्च विवरण उम्मेदवारहरूले निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र आयोग वा निर्वाचन कार्यालयमा बुझाउनुपर्ने छ । खर्च विवरण नबुझाएको अवस्थामा कानुनअनुसार कारबाही गरिने आयोगले चेतावनी दिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्माका अनुसार निर्वाचनको स्वच्छता कायम गर्न पनि खर्च सीमा तोकेको र सो बमोजिम गरेर विवरण बुझाउन भनिएको हो ।

निर्वाचन ११ माघमा हुँदै छ । निर्वाचनबाट राष्ट्रिय सभामा १९ जना निर्वाचित हुने छन् । निर्वाचनको निष्पक्षता र विश्वसनीयताका लागि आयोगले आचारसंहिता लागू गर्दै आएको छ । आचारसंहिताअनुसार मतदानस्थलको २०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचार सामग्री दलहरूले हटाउनुपर्ने छ । कुनै विधि प्रक्रिया वा माध्यमबाट मत माग्न र प्रचार गर्न पनि नहुने आचारसंहितामा उल्लेख छ ।

निर्वाचन आचारसंहिताले कुनै पनि सार्वजनिक स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रयोग गर्न वा गराउन नपाइने उल्लेख गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

- माघ ८ को मध्य राति १२ बजेदेखि मौन अवधि
- मौन अवधिमा निर्वाचन प्रचारप्रसारका लागि छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला गोष्ठी गर्न मनाही
- मतदानस्थलको २०० मिटर वरिपरिका उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने
- कुनै विधि प्रक्रिया वा माध्यमबाट मत माग्न र प्रचार गर्न नहुने


**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

**इटहरी उपमहानगरपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।


**सन्दर्भः वैदेशिक रोजगार**

अध्यक्ष भण्डारीको प्रस्टीकरण

# वर्कर्स वेलफेयरसँगको सम्झौतामा सहमति छैन

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार बोर्ड र मलेसियाको निजी कम्पनी फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्ल्युडब्ल्युएमसी)बीच भएको सम्झौतामा आफूले कुनै सहमति नदिएको बताएका छन् । उनले आफूले त्यस्तो कुनै पनि निर्णयमा हस्ताक्षर नगरेको बताए ।

वैदेशिक रोजगारको सिलसिलामा विभिन्न श्रम गन्तव्य मुलुकमा जाने श्रमिकहरूको हितमा हुनेगरी कल्याणकारी कार्यका लागि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रसँग द्विपक्षीय सम्झौता गर्नेसम्बन्धमा बोर्डको बोर्ड बैठकमा कुरा चले पनि कुनै निर्णयमा सहमति वा हस्ताक्षर नगरिएको भण्डारीले प्रस्ट पारे ।

गत कात्तिक २१ गते बसेको बोर्डको बैठकमा भएको उपस्थितिलाई लिएर वैदेशिक रोजगारसँग सम्बन्धित संस्थाहरूले आलोचना गरेपछि अध्यक्ष भण्डारीले उक्त प्रस्टीकरण दिएका हुन् । उनले आइतबार एक विज्ञप्ति जारी गरी सिण्डिकेट लाद्ने कुनै पनि निर्णयमा हस्ताक्षर नभएको र पछि पनि नहुने उल्लेख गरेका छन् । विज्ञप्तिमा गन्तव्य मुलुकहरूमा बोर्डलाई थप आर्थिक दायित्व नपर्ने गरी सरकारी तथा गैरसरकारी संस्थासँग द्विपक्षीय समझदारी/सम्झौता गर्न वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशकलाई अख्तियारी दिने विषय उठेको बताउँदै बैठकको एजेण्डा नै नभएको विषयलाई तोडमोड गरिएको उल्लेख गरेका छन् ।

'उक्त बैठकको एजेण्डामा नै नरहेको विषयलाई तोडमोड गरी कामदारलाई आर्थिक भार पार्ने गरी मलेसियाको एफडब्ल्युडब्ल्युएमसी नामक निजी कम्पनीसँग भएको सम्झौताप्रति गम्भीर आपत्ति छ,' अध्यक्ष भण्डारीले भने ।

बोर्ड सदस्यहरूलाई जानकारी नगराई माइन्युट निर्णय बनाएर सम्झौता गर्ने कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले गैरकानुनी कार्य गरेको भन्दै उनले कडा विरोध जनाए । भण्डारीले व्यवसायीहरूको हकहितका लागि इमानदारपूर्वक प्रतिबद्ध रहेको जनाउँदै जुनसुकै किसिमको सिन्डिकेटविरुद्ध पनि डटेर प्रतिरोध गर्ने बताए । 'वैदेशिक रोजगार बोर्ड सचिवालयको बैठकमा मेरो उपस्थितिको हस्ताक्षरलाई फरक ढंगले निर्णय बनाई गलत प्रयोग भएकोले कार्यकारी निर्देशकको गलत कार्यप्रति प्रश्न उठेको छ,'

(क्रमशः पृष्ठ २ मा)

## दुबाई पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि दुबाई पठाइदिने भन्दै वेरोजगार युवाहरूसँग एक करोडभन्दा बढी ठगी गरेको अरोपमा एक जना पक्राउ परेका छन् । युवाहरूलाई रोजगारीका लागि दुबाईमा होम स्टे, होटल, प्याकिङ कम्पनीमा काम लगाइदिने आश्वासन देखाएर ठगी गरेको आरोपमा बाजुराका नारद धामीलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका धामीलाई कालिमाटी प्रहरी वृत्तमा राखिएको छ । ठगी घटनाका मुख्य योजनाकार जनक ऐडी भने फरार रहेको बताइएको छ । उनीहरूले बेरोजगार युवाहरूलाई दुबाई पठाउने भन्दै विनादर्ता म्यानपावर कम्पनी खोलेर रकम संकलन गरेको देखिएको छ । उनीहरूले प्रतिव्यक्ति दुईदेखि चार लाख रूपैयाँसम्म ठगी गरेको पीडितहरूले वैदेशिक रोजगार विभागमा दिएको उजुरीमा उल्लेख गरिएको छ । पीडितहरूलाई विदेश पठाउने नाममा मेडिकलसमेत गर्न लगाएका उनीहरूले भिसा र श्रम स्वीकृतिसमेत नक्कली बनाइदिएको खुलेको छ ।

शिक्षा विधेयकमा विद्यार्थी संगठनको सुझाव

# निजी विद्यालयलाई गुठीमा रूपान्तरण गरौं

**काठमाडौं (प्रस)–** विभिन्न राजनीतिक दलनिकट विद्यार्थी संगठनले संविधानमा व्यवस्था भएको निःशुल्क शिक्षाको हकलाई कार्यान्वयन गर्ने गरी विद्यालय शिक्षा विधेयक, २०८० पारित गर्न संसदीय समितिलाई ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आइतबारको बैठकमा सुझाव दिन आमन्त्रित विद्यार्थी संगठनका प्रतिनिधिले निजी विद्यालयलाई निश्चित अवधि तोकेर सार्वजनिक शैक्षिक गुठीमा अनिवार्य रूपान्तरण गराउनुपर्ने माग गरेका हुन् । बैठकमा सहभागीले नेपाल शिक्षक महासंघसँग भएका अस्थायी र राहत शिक्षकलाई सीमित प्रतियोगिताबाट स्थायी गराउने सहमतिको विरोध गरेका छन् ।

नेपाली कांग्रेसनिकट नेपाल विद्यार्थी संघका अध्यक्ष दुजाङ शेर्पाले विद्यार्थीलाई केन्द्रमा राखेर कानुन बन्नुपर्नेमा जोड दिँदै करार र अस्थायी शिक्षकलाई सीमित प्रतियोगिताबाट स्थायी गराउने सम्झौता मान्य नहुने बताए । उनले शिक्षकको नियुक्ति खुला प्रतिस्पर्धाबाट गरिनुपर्ने, विद्यालय तहमा अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षक दरबन्दी हुनुपर्ने, विद्यालय तहमा नैतिक शिक्षालाई अनिवार्य गर्नुपर्नेलगायत माग राखे । उनले राज्यकोषबाट तलब तथा सेवा सुविधा लिने सबैले सामुदायिक विद्यालयमा छोराछोरी पढाएर सामुदायिक विद्यालयको सुधारमा साथ दिनुपर्ने प्रस्ताव गरे ।

नेकपा एमालेनिकट अनेरास्ववियुका अध्यक्ष समिक बडालले आफूहरूसँग छलफल नगरी विधेयक ल्याइएको जनाउँदै पाँचदेखि सात वर्षको अवधि दिएर निजी विद्यालयलाई सार्वजनिक शैक्षिक गुठीमा लाउनुपर्ने माग गरे । बैठकमा नेकपा माओवादी केन्द्रनिकट अनेवास्ववियु (क्रान्तिकारी) की अध्यक्ष पञ्चा सिंहले संविधानको मौलिक हकलाई ध्यान नदिई निजी विद्यालयको व्यापारीकरण र एकाधिकारलाई प्रोत्साहन हुनेगरी विधेयक ल्याइएकामा असन्तुष्टि व्यक्त गरिन् । उनले शिक्षा व्यापार र नाफाको विषय नभई सेवाको क्षेत्र भएकाले निजी विद्यालयलाई गुठीमा जाने व्यवस्था अनिवार्य गर्नुपर्ने बताइन् ।

## पृष्ठ १ बाट क्रमशः

### उद्घाटनमा होड...

ढोका फुस्कँदा मेलम्ची आयोजनाका दुई कर्मचारीको मृत्यु भएको थियो ।

### हतारमै ओलीको उद्घाटन

मेलम्ची काठमाडौंमा छिटो ल्याउन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जोडबल गरेपछि उनका खानेपानीमन्त्री मणि थापाले २०७७ फागुन १० गते हेडवर्क्स क्षेत्रमा भव्य कार्यक्रम गरी पानी पथान्तर गरे । कम्तीमा २० दिन सुरुङभित्र पानी राखेर परीक्षण गर्नुपर्ने सुझाव विज्ञहरूको रहे पनि ओलीले पूर्णपरीक्षण नसकाउँदै खानेपानी सुरुङबाट १२ दिनमै सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रमा खसाले । ओलीले सुन्दरीजल पुगेर फ्लसिङ टनेलको हाइड्रो मेकानिकल गेटको बटन थिचेपछि मेलम्चीको पानी सुन्दरीजलमा खसेको थियो ।

त्यसको एक महिनापछि चैत २० गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले भृकुटीमण्डप पुगेर खानेपानी वितरण उद्घाटन गरेकी थिइन् । कोरोनाकालमा तामझामका साथ आयोजना गरिएको कार्यक्रममा ओली पनि पुगेका थिए ।

त्यसपछि मेलम्चीको पानी विभिन्न समस्याका कारण बन्द भए । २०७८ असार १ गते पहिरोका कारण मेलम्ची इन्टेक पुरियो । त्यसपछि मेलम्ची खुलाउन मुश्किल भएको थियो ।

पछि तत्कालीन खानेपानी मन्त्री उमाकान्त चौधरीले २०७८ चैत २९ गते अम्बाथान पुगेर पुनः पानी पथान्तरण गरे । उक्त पानी वैशाख ११, २०७९ मा पुनः वितरण सुरु गर्न चौधरी मीनभवनस्थित केयुकेएलको मुख्यालय पुगेका थिए । फेरि रोकिएको पानी मन्त्री चौधरीले मंसिर २३ गते महाँकालस्थित केयुकेएलको वितरण केन्द्र पुगेर वितरण उद्घाटन गरेका थिए ।

हरेक वर्ष असार लागेसँगै बन्द हुने पानी वितरण पुनः सुरु पनि उद्घाटनबाटै हुने गर्छ । मेलम्चीको इनटेक सार्नका लागि सहयोगी संस्था एसियाली विकास बैंक (एडिबी)ले सुझाव दिए पनि सरकारले यसमा कुनै चासो दिएको छैन । अस्थायी संरचनाबाटै पानी पठाउन भने मन्त्रीहरूबीच तँछाडमछाड भइरहेको छ । यही होडमा प्रधानमन्त्री दाहालले सोमबार पुनः पथान्तरण उद्घाटन गर्न लागेका हुन् ।

### हेडवर्क्स सार्न सुझाव

अहिलेको हेडवर्क्स क्षेत्र सुरक्षित नदेखिपछि एडिबीले पानी पथान्तरको मूल सुरुङ सार्न पहिलो चरणको अध्ययन सकाएको छ । 'हामीले ८०० मिटर माथि इनटेक सार्नुपर्छ भनेर सुझाव दिएका छौं । तर नेपाल सरकारले कुनै चासो दिएको छैन,' एडिबीका एक अधिकारीले भने । हेडवर्क्स सारेको ठाउँमा भूमिगत ड्याम बनाउने बताइएको छ । तर सरकारले यसबारे कुनै प्रक्रिया अगाडि बढाएको छैन । 'एडिबीको प्रस्ताव हेडवर्क्स सार्ने हो । तर सरकारको तर्फबाट कुनै अध्ययन भएको छैन,' मेलम्ची आयोजनाका एक अधिकारीले भने । मेलम्चीको इनटेक नसार्ने हो भने हरेक वर्ष यसरी नै अस्थायी तरिकाले पानी पठाउने र उद्घाटन चलिरहने यहाँका अधिकारीहरू बताउँछन् । हेडवर्क्स सार्न थप दुई अर्ब रूपैयाँ रकम लाग्ने बताइएको छ ।

●●●

### भोलिदेखि आचारसंहिता ...

आयोगले निर्वाचनका लागि सार्वजनिक संस्था, विद्यालय, विश्वविद्यालयलगायत क्षेत्रमा पनि प्रचारप्रसार तथा भेला नगर्न निर्देशन दिएको छ ।

प्रवक्ता पौडेलले ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र अपांगता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुनेगरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन तथा बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने बताए । आचारसंहिताअनुसार प्रचलित कानुनबमोजिम निषेध गरिएको समय र स्थानमा अवरोध हुनेगरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन हुँदैन ।

सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्नेजस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुने व्यवस्था छ ।

●●●

### वर्कर्स वेलफेयरसागको...

उनले भने, 'संघको ध्यानाकर्षपछि उक्त सम्झौता कार्यान्वयन नगर्न सम्माननीय प्रधानमन्त्रीज्यूबाट निर्देशनसमेत भइसकेको अवस्थामा मलाई जोडेर भएको दुश्प्रचारमा कुनै सत्यता नभएको व्यवसायीज्यूहरूमा अनुरोध गर्दछु ।'

प्रधानमन्त्रीको निर्देशनपश्चात् पनि सम्झौता खारेजीका लागि कुनै पहल नभएको उल्लेख गर्दै भण्डारीले उक्त सम्झौता खारेजीमा आलटाल गरे संघले सशक्त प्रतिरोध गर्ने बताए । व्यवसायीबीच एकता कायम राख्दै संघलाई अझ मजबुत बनाइ गलत अफवाहको पछि नलाग्नसमेत व्यवसायीहरूलाई उनले आग्रह गरेका छन् ।

वैदेशिक रोजगार बोर्डको गठन प्रक्रियाअनुसार संघको अध्यक्ष पदेन सदस्य हुने व्यवस्था छ । बोर्डले मलेसियाको निजी कम्पनी एफडब्ल्युडब्ल्युएमसीसँग सम्झौता गर्ने निर्णयमा संघको अध्यक्षसमेत जिम्मेवार नदेखिएको भन्दै व्यवसायीहरूले चौतर्फी आलोचना गरिरहेका छन् । उक्त सम्झौतालाई कारण देखाउँदै संघका निवर्तमान अध्यक्ष एवं सल्लाहकार विमल ढकालले राजीनामासमेत दिइसकेका छन् । श्रमिक र व्यवसायी विरोधी सम्झौतामा अध्यक्ष भण्डारीको संलग्नता देखिएकाले नैतिकताको आधारमा संघको सल्लाहकारबाट राजीनामा दिएको ढकालले बताएका छन् । यद्यपि अध्यक्ष भण्डारीले भने व्यवसायी र श्रमिकको हितविपरीत हुने कुनै निर्णयमा हस्ताक्षर गरेको पुष्टि गर्न चुनौती दिँदै केही व्यवसायीलाई संघमा चुनाव लागिसकेको आरोप लगाए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUSJAYA ENTERPRISE

पूर्व स्वीकृति मिति २०८०/०२/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ LT. No. 286725 चलानी नं. ६०२०२०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REAL TECHNOLOGIES EQUIPMENTS SUPPLY AND SERVICES.

पूर्व स्वीकृति मितिः २०८०/०९/२९ LT. No.298018 चलानी नं. ६०२१२९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | labour | 8 | 0 | 1000 | ३६,३८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | driver | 6 | 0 | 1700 | ६१,८५५ | | | | | | | |
| 3 | salesman | 3 | 0 | 1400 | ५०,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## MAURITIUS/QATAR मा रोजगारीको सुवर्ण अवसर

कम्पनी : SQUARE DEAL MULTI-PURPOSE CO-OPERATIVE SOCIETY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/०६/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ LT. No.: 293712 चलानी नं. :६०२०९३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 70 | 0 | 16665 | ५००४६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 200 | 0 | 16665 | ५००४६ | | | | | | | |
| 3 | Steel Fixer | 30 | 0 | 16665 | ५००४६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः सुनसरी, इटहरी ६, मुनाल ट्रेनिङ सेन्टरमा मितिः २०८० माघ १० गते (24 Jan. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः काठमाडौं, चक्रपथ, युनिभर्सल ट्रेनिङ सेन्टरमा मितिः २०८० माघ १२ गते (26 Jan. 2024) मा हुनेछ

कम्पनी : G.S STEEL LTD

पूर्व स्वीकृति मिति : २०८०/०९/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ LT. No.296973 चलानी नं. ६०२१२९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder Grade II | 100 | 0 | 15000 | ४४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः सुनसरी, इटहरी ६, सुनसरी ग्रुप कम्पनीमा मितिः २०८० माघ ८/९ गते (22/23 Jan. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

कम्पनी : GARDEN 972 MUBARAK KHALIFA MUHAMMAD AL ASIR

पूर्व स्वीकृति मिति : २०८०/०९/२९ LT. No.297900 चलानी नं. ६०२१२९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1700 | ६१,८५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Farmer | 3 | 0 | 1200 | ४३,६६० | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ९०,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MALAK AL REEMS COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०९/२९ LT. No. 297901 चलानी न. ६०२१२९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 1500 | ५२,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TKM FORCE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०९/२९ LT. No. 297924 चलानी नं. ६०२१२३२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 23 | 0 | 1500 | ४२,७५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK SERVICES PVT. LTD.

श्रम ईजाजत नं ११९/०५५/०५६

Maharajgunj 3, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133/ 9851330547/ 9851330557/ 9852059287/ 9817415419/ 9851174782/ 9849441737
(Birtamode: 9852674809/9807963795) E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WAKRAH PROJECTS COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/२८ LT. No. 297854 चलानी नं. ६०२१२९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 0 | 9 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BEIRUT BREAKFAST RESTAURANT SERVING MEALS

पुर्व स्वीकृति मिति २०८०/०९/२३ LT. No. 297772 चलानी नं. ६०२१२९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५२,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com


## कालिका नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

### बिषय:बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति :२०८०।१०।०१

यस कालिका नगरपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आह्वानको सूचनाहरुको म्यादभित्र पर्न आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही तपसिल अनुसार बोलपत्र स्विकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा(२) को प्रयोजनकालागि बोलपत्र स्विकृति गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

| S.N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication (BS) | Quoted Amount with VAT (Nrs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 012/Works/NCB /KM/080/081 | WODA NO 11 WODA KARYALAYA DEKHI MAJABANG HUDAI RAPTI NA. PA. BROKASH BHANJYANG JODNE SADAK KALIKA 11 | 2080-08-19 (BS) | 62,99,554.45 | Amalachuli Nirman Sewa Pvt. Ltd . Kalika-09, Chitwan | |

प्रमुख प्रशासकिय अधिकृत

# सातवटै प्रदेशमा 'बायोमेडिकल वर्कसप' स्थापना

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशका विभिन्न अस्पतालमा बिग्रिएका औजार/उपकरण मर्मत गरी सञ्चालन गर्न थालेको छ । सोहीअनुसार मन्त्रालयले सातवटै प्रदेशमा 'बायोमेडिकल वर्कसप' स्थापना गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले मन्त्रालयले नीतिअनुसार नै नयाँ उपकरण किन्नुभन्दा पनि बिग्रिएका तथा पुराना उपकरणको मर्मत गरी सञ्चालन गर्न थालेको बताए । 'स्वास्थ्यका धेरै उपकरण बिग्रेर सञ्चालन भएका छैनन् । ती उपकरणलाई हामीले मर्मत गरी सञ्चालन गरिरहेका छौं,' उनले भने ।

स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले पुराना तथा बिग्रिएका उपकरणको मर्मत गरी सञ्चालन गर्नका लागि 'बायोमेडिकल वर्कसप' स्थापना गरेको छ । महाशाखाका आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा. सुरेन्द्र चौरसियाले सातवटै प्रदेशमा अहिले पुराना, नचल्ने उपकरण मर्मत गरी सञ्चालन गर्ने कार्य भइरहेको जानकारी दिए । उनका अनुसार मधेस र कोशी प्रदेशबाहेक सबै प्रदेशमा वर्कसप स्थापना गरिएको छ ।

'पुराना, बिग्रिएका सामान मर्मत गरी सञ्चालन हुन्छन् भनेर पुराना उपकरण मर्मत गरिरहेका छौं,' चौरसियाले भने, 'यसले गर्दा राज्यको पैसा पनि बचत हुने र पुराना उपकरण मर्मत भई प्रयोगमा ल्याउन सकिन्छ । कम खर्चमा स्वास्थ्य उपकरण प्रयोग गर्न सकेमा अस्पतालहरूमा आवश्यकताअनुसार उपकरण उपलब्ध गराउन पनि सकिन्छ ।' उनका अनुसार वर्कसप प्रदेश सरकारको सहयोगमा स्थापना गरिएको हो ।

बायोमेडिकल इञ्जिनियरिङको समूहले ती बिग्रेका, थन्किएका स्वास्थ्य उपरकणको मर्मत गरी सञ्चालन गर्न मिल्ने बनाउने गरेका छन् । वर्कसपमा सिटी स्क्यान, भिडियो एक्सरे, एक्सरे, इको, इसिजीलगायत उपचारात्मक उपकरणको मर्मतसम्भार हुने गरेको छ ।

मधेस प्रदेशमा बजेट विनियोजन भइसकेकाले चालु आर्थिक वर्षमा वर्कसप स्थापना गरिने चौरसियाले जानकारी दिए । उनका अनुसार कोशी प्रदेशमा विश्व बैंकसँग वर्कसप स्थापना गर्नका लागि मन्त्रालयले सम्झौता गरेको छ ।

# 'नेपाल र चीन विश्वासिला विकास साझेदार'



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल र चीन विश्वासिला विकासका साझेदार भएको बताएका छन् । चिनियाँ नयाँ वर्ष तथा वसन्तोत्सवका अवसरमा आइतबार यहाँ आयोजित विशेष समारोहमा उनले शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा दुई देशबीचको सम्बन्ध झाँगिदै गएको बताए ।

'हामीले असल मित्रका रूपमा एकअर्काको संवेदनशीलतालाई नजिकबाट बुझेका छौं,' उनले भने, 'शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा हाम्रो सम्बन्ध रहिआएको छ ।'

नेपाल एक चीन सिद्धान्तप्रति दृढ रहेको उनले बताए । 'यस सम्बन्धमा हाम्रो प्रतिबद्धता स्पष्ट छ । आन्तरिक तथा बाह्य मामिलामा आएको बदलावबाट हाम्रो प्रतिबद्धता कुनै हालतमा प्रभावित हुँदैन,' प्रधानमन्त्री दाहालले भने । उनले संस्कृति र परम्पराले नै दुई देशबीचको जनस्तरको सम्बन्धलाई सुदृढ तुल्याउने बताए ।

आफ्नो चीन भ्रमणका बेला जारी भएको संयुक्त वक्तव्य स्मरण गर्दै प्रधानमन्त्रीले भने, 'ताइवान चीनकै अभिन्न अंग हो । 'ताइवान स्वतन्त्रता'का सम्बन्धमा नेपालको प्रस्ट दृष्टिकोण छ । मेरो चीन भ्रमणका क्रममा जारी संयुक्त वक्तव्यमा यसलाई प्रस्ट पारिएको छ ।' चीनविरुद्ध नेपाली भूमि प्रयोग हुन नदिने स्पष्ट पार्दै प्रधानमन्त्रीले दुई देशको सभ्यता नदी र हिमशृंखलाले मात्र जोडिएका छैनन्, यसमा हाम्रा साझा संस्कृति र जनस्तरको सम्बन्ध पनि प्रमुख रहेका बताए ।

आफूले हालै गरेको चीनको औपचारिक भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चीनफिङसँग भएको भेटवार्ताका क्रममा दुई देशबीचमा नेपाल-चीन सम्बन्धका विविध आयाममा छलफल भएको उनले स्मरण गरे । नेपालका लागि चीनका राजदूत छन् सङले चीन र नेपाल रणनीतिक साझेदार भएका बताउँदै 'बेल्ट एण्ड रोड इनिसिएटिभ' अन्तर्गत विकासमा साझेदारी गर्न चीन प्रतिबद्ध रहेको बताए ।

# पर्वत अस्पतालमा डायलाइसिस सेवा विस्तार

**पर्वत–** पर्वत अस्पतालमा मिर्गौलाको निःशुल्क डायलाइसिस सेवा विस्तार गरिएको छ । वि.सं. २०७७ साउनदेखि अस्पतालमा चारवटा अत्याधुनिक उपकरणबाट सुरु गरिएको डायलाइसिस सेवा विस्तार गरी अहिले १० वटा उपकरणमार्फत सेवा दिन थालिएको त्यहाँका मेडिकल सुपरिटेन्डेन्ट डा. हेमन्त बाँस्तोलाले जानकारी दिए । अहिले एकैपटक १० जनालाई सेवा दिन सकिन्छ । 'बिरामी वेटिङमा बस्नुपर्ने अवस्था छैन, पूर्ण क्षमतामा मेसिन सञ्चालन गरिसकेका छौं,' उनले भने ।

डा. बाँस्तोलाका अनुसार यसअघि डायलाइसिस गराउनुपर्ने बिरामीको चाप अत्यधिकमात्रामा बढेकाले सेवा विस्तार गरिएको हो । बिरामीको संख्या धेरै भएकाले लामो समयसम्म पर्खेर बस्नुपर्ने वा अन्यत्र पठाउनुपर्ने बाध्यता थियो । अब भने बिरामीले चाहेकै दिन डायलाइसिस सेवा दिन सकिन्छ । जिल्लाभित्र रहेका नियमित डायलाइसिस गर्नुपर्ने मिर्गौलाका बिरामीलाई लक्ष्य गरी मिर्गौला उपचार सेवा सञ्चालनमा ल्याइएको हो । अहिलेसम्म पर्वतमा यससम्बन्धी उपचार नहुँदा छिमेकी जिल्ला पोखरा र काठमाडौंलगायत स्थानमा जानुपर्ने बाध्यता थियो ।

सेवा विस्तार भएपछि हप्तामा दुईपटकसम्म डायलाइसिस गराउनुपर्ने बिरामीलाई सहज भएको छ । अहिले पर्वत, बागलुङ र म्याग्दीका गरी २६ बिरामीले यस अस्पतालबाट नियमित डायलाइसिस गराउँदै आएका छन् । आठ शयचामा नियमितरूपमा बिरामी राखेर डायलाइसिस गर्न थालेपछि आफूहरूलाई सहज भएको बिरामी अलिमान सुनुवारले बताए । चार महिनादेखि नियमित डायलाइसिस गर्दै आएका उनले पहिलेभन्दा अहिले निकै सहज भएको र अस्पताल आएपछि छिट्टै सेवा लिन पाइएको बताए ।

एकजना बिरामीलाई एकपटक डायलाइसिस गर्न चार घण्टा समय लाग्ने र दिनभर १० जनाभन्दा बढीलाई सेवा दिन सकिने अस्पताल विकास समितिका अध्यक्ष शंकर गिरीले जानकारी दिए । सेवा विस्तार भएसँगै घण्टौंसम्म पर्खिनुपर्ने र पैसा खर्च गरी डायलाइसिसका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता हटेको उनले बताए ।

अध्यक्ष गिरीका अनुसार मिर्गौला डायलाइसिस सेन्टरबाट छ स्टाफ नर्स, दुई मेडिकल अफिसर र एक प्राविधिकले २४ सै घण्टा सेवा प्रदान गरिरहेका छन् । गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रममै समावेश भई आएको यो सेवाका लागि प्रदेशको सामाजिक विकास मन्त्रालयले बजेट विनियोजन गरी अस्पताललाई डायलाइसिसका लागि आवश्यक उपकरणसहित तालिम प्राप्त चिकित्सकको व्यवस्था गरेको थियो । डायलाइसिस गर्नुपर्ने बिरामीलाई पालो कुर्न नपर्नेगरी सहयोग प्राप्त भएपछि सेवा विस्तार गरिएको उनको भनाइ थियो । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DNS SECURITY SDN BHD — शहर: Malaysia, Selangor

पूर्व स्वीकृति मिति: २०८०/०९/०८ — LT. No. 296988 — चलानी न. ६०२१९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Gurad | 46 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 296988 मिति: २०८०/०९/२९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

LANGTANG OVERSEAS PVT. LTD. — ISO 9001:2015 — Govt. Lic. No.:1643/080/081

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-03, Kathmandu Nepal
info@langtangoverseas.com www.langtangoverseas.com
+977-14971229 , 5903079
9849442132, 9818497796, 9851354196



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८०/१०/०१ गते)

यस अस्पतालबाट मिति २०८०/०८/१६ गते प्रकाशित सूचना अनुसार आव्हान गरिएको खुल्ला बोलपत्र अन्तर्गत प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| सि. नं. | बोल पत्र नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क |
|---|---|---|---|---|
| १. | NTrC/G/NCB/12-080/81 | Supply and Delivery of Spare parts for Central Chiller & Hot Water Boiler System and Full Servicing with Maintenance | भिष्टा ईन्जिनियरिङ्ग सेन्टर | रु.४५,१९,४३५/- (अक्षरेपी पैतालीस लाख उन्नाईस हजार चार सय पैतीस रुपैयाँ मात्र मू.अ.कर समेत) |
| २. | NTrC/G/NCB/13-080/81 | Supply and Delivery of Printing Items | थ्रि डि प्रिन्टर्स एण्ड पब्लिसर्स, भक्तपुर | रु.४०,५९,३२७.२५/- (अक्षरेपी चालीस लाख उनन्साठी हजार तीन सय सत्ताईस रुपैयाँ पच्चीस पैसा मात्र मू.अ.कर समेत) |

अस्पताल प्रशासन



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PATISSERIE SUISSE

पूर्व स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 297998 — चलानी नं. ६०२१२९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 4 | 0 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 0 | 2 | 1400 | ५०,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIRAT FOOD

पूर्व स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 297959 — चलानी नं. ६०२१२९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 3 | 0 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARC ELECTRICAL CONTRACTING.

पूर्व स्वीकृति मिति: २०८०/०९/१२ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 297185 — चलानी नं. ६०२१२२५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Tech. | 1 | 0 | 1100 | ४०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | electrician | 2 | 0 | 1100 | ४०,०२० | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९०,९६० | | | | | | | |
| 4 | General Supervisior | 1 | 0 | 3000 | १०९,१५५ | | | | | | | |
| 5 | LABOUR | 4 | 0 | 1000 | ३६,३८५ | | | | | | | |
| 6 | MANAGER VARIETY | 0 | 1 | 5700 | २०७,३९० | | | | | | | |
| 7 | Public Relation Director | 3 | 0 | 5700 | २०७,३९० | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,५७५ | | | | | | | |
| 9 | Representative | 2 | 0 | 2200 | ८०,०४५ | | | | | | | |
| 10 | SUPERVISIOR | 1 | 2 | 3000 | १०९,१५५ | | | | | | | |

कम्पनी : ARWA SHOPPING CENTER

पूर्व स्वीकृति मिति: २०८०/०९/१२ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 297184 — चलानी नं. ६०२१२२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 1 | 0 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 2 | 0 | 1300 | ४७,३०० | | | | | | | |

कम्पनी : SHAWARMA KING

पूर्व स्वीकृति मिति २०८०/०८/२२ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 296129 — चलानी नं. ६०२१११८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 9 | 2 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 4 | 1400 | ५०,९४० | | | | | | | |

कम्पनी : AL WATTAN AL ARABI WORKSHOP & BLACKSMITH

पूर्व स्वीकृति मिति २०७९/१२/२३ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ — LT No.284293 — चलानी नं. ६०१९९५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chasis Weilder | 3 | 0 | 1100 | ४०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver (Bus) | 4 | 0 | 1900 | ६९,१३० | | | | | | | |
| 3 | Gateman | 2 | 0 | 1000 | ३६,३८५ | | | | | | | |
| 4 | Heavy Vehicle Driver | 2 | 0 | 1900 | ६९,१३० | | | | | | | |
| 5 | Labour | 3 | 0 | 1000 | ३६,३८५ | | | | | | | |
| 6 | Machine Operator | 3 | 0 | 1900 | ६९,१३० | | | | | | | |
| 7 | Secretary | 1 | 0 | 2100 | ७६,४०५ | | | | | | | |

कम्पनी : AL HABL AL WATHIQ TRANSPORT & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०५/१२ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 291778 — चलानी नं. ६०२०६९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 2 | 0 | 1100 | ४०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 2 | 0 | 1000 | ३६,३८५ | | | | | | | |
| 3 | Mason | 2 | 0 | 1100 | ४०,०२० | | | | | | | |
| 4 | Plaster Worker | 2 | 0 | 1100 | ४०,०२० | | | | | | | |

कम्पनी : AL NAJMUL SHAAFI TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०६/१६ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 293446 — चलानी नं. ६०२०८५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Machine Operator | 4 | 0 | 1900 | ६९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 1900 | ६९,१३० | | | | | | | |
| 3 | Secretary | 0 | 1 | 2100 | ७६,४०५ | | | | | | | |
| 4 | Supervisior | 1 | 0 | 3000 | १०९,१५५ | | | | | | | |

कम्पनी : BASIC ELEMENTS SOLUTIONS

पूर्व स्वीकृति मिति २०८०/०३/१२ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 288277 — चलानी नं. ६०२०३९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decoration Technician | 2 | 0 | 1100 | ४०,०२० | | | | | | | |
| 3 | LABOUR | 8 | 0 | 1000 | ३६,३८५ | | | | | | | |
| 4 | PLASTER WORKER | 2 | 0 | 1100 | ४०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता**: रु.२,००२/- कामदार आफैले
**सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# उद्घाटन मोह कहिलेसम्म ?

जुन जोगी आए पनि कानै चिरेका ! मेलम्ची खानीपानी उद्घाटन सवालमा पनि यो उखान चरितार्थ भएको छ । एकपटक उद्घाटन भइसकेको आयोजना फेरि उद्घाटन गर्न मन्त्रीदेखि प्रधानमन्त्रीसम्मै मोहित हुनु अचम्म लाग्दो कुरा हो ।

हुन त प्रधानमन्त्री र मन्त्रीहरूको खासै केही काम देखिन्न । उही ब्युटीपार्लर र सेकुवा कर्नर उद्घाटनभन्दा त खोनपानी वितरणको उद्घाटन केही भारी नै होला । तर २०७७ बाट पटक–पटक भइसकेको उद्घाटन सुशासनमा केही नयाँ दिने दाबी गरेका प्रधानमन्त्री पुष्पकमल दाहालको हातबाट पनि हुँदै छ ।

पहिलोपटक २०७७ असार २१ गते सिन्धुपाल्चोकका तत्कालीन प्रमुख जिल्ला अधिकारी उमेश ढकालले पूजा गरेरै सुरुङमा पानी पथान्तर गरी उद्घाटन गरेका थिए । त्यसपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले पनि पानी वितरणमा ‘रेकर्ड’ कायम राखेका छन् । त्यसपछि तत्कालीन खानेपानीमन्त्री उमाकान्त चौधरीले त तीन–तीन पटक ‘शुभारम्भ’ गर्न भ्याए । २०७८ चैत २९ गते अम्बाथान, २०७९ वैशाख ११ गते मीनभवनस्थित केयुकेएलको मुख्यालय र मंसिर २३ गते महाँकालस्थित केयुकेएलको वितरण केन्द्र पुगेर ।

हरेक वर्ष असार लागेसँगै बन्द हुने पानी वितरण पुन सुरु पनि उद्घाटनबाटै हुने गर्छ । मेलम्चीको इनटेक सार्नका लागि सहयोगी संस्था एसियाली विकास बैंक(एडिबी)ले सुझाव दिए पनि सरकारले यसमा कुनै चासो दिएको छैन । अस्थायी संरचनाबाटै पानी पठाउन भने मन्त्रीहरूबीच तँछाडमडाड भइरहेको छ ।

नेपाली हो नि ! कुनैबेला एमाले अध्यक्षसमेत रहेका ओलीले बोलेको उक्तिको मिमहरू बनेका छन् । उद्घाटनमा पनि ओलीले भनेझैं नेपाली पारा आएको छ । मेलम्चीको पानी अहिले पनि स्थायी पथान्तरण हैन । जुनसुकै बेला हेडवर्क्समा समस्या आउन सक्छ । मेलम्ची आयोजनामा लगानी गरेको एसियाली विकास बैंकले हेडवर्क्स सार्न सुझाव दिइसकेको छ । तर सरकारले यस विषयमा कानमा तेल हालेर बसेको छ । स्थानीयले पटक–पटक आन्दोलन गर्ने चेतावनी दिइसकेका छन् । मेलम्ची खानेपानी आयोजनाकै कारण बाढीपहिरो निम्तिएको आरोप स्थानीयको छ । यस्तो अवस्थामा सरकारले गम्भीर भएर स्थायी समाधानको बाटो रोज्नुपर्ने हो । तर सरकार उद्घाटनमै व्यस्त छ । त्यो पनि नयाँ आयोजनाको हैन, पुरानै आयोजना जुन पटक–पटक उद्घाटन भइसकेकोमा । हुन त आफूसँग जे छ त्यसैमा रमाउनुपर्छ भन्ने आहानलाई व्यवहारमा उतार्न तम्सिएका पो हुन् कि प्रधानमन्त्रीज्यू ।

## मनन्योग्य

### चाणक्य नीति

‘तर तपाईको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अक्त चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हादिक अनुरोध लिई आएको छु ।

‘अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।’

‘अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।’

‘त्यस्तै यी सबै राजा आफू - आफूमा स्वतन्त्र छन्, तर तपाई सबैले एक केन्द्रीय शक्तिको अधीनमा रहनुपर्छ जसले विपत्तिमा रक्षा गर्छ । यो विशाल राज्य सुचारु रूपबाट चलोस् भन्ने उद्देश्य त्यसका लागि एउटा केन्द्रीय सेनाको गठन भएको छ जसको सेनापति वीर मलयकेतु हुनुहुनेछ ।’

यसरी चाणक्यका प्रत्येक उद्घोषणपछि ‘राजर्षि चाणक्यलाई जय’ ‘महात्मा चाणक्यको जय’ उच्चारण गर्दै ताली दिँदै आएका राजाहरूले आफ्नो हार्दिक प्रसन्नता व्यक्त गरे । चाणक्य प्रदर्शनबाट धेरै टाढा थिए । उनका लागि केही कुनै आकर्षक वस्तु थिएन । एकपटक सबैतिर हेर्दै उनको दृष्टि राक्षसमा आई अडियो ।

उनले राक्षसका आँखामा आँसु देखे अनि नम्र स्वरमा गम्भीर बन्दै भने- ‘महामात्य ! सुख जति बढ्छ दुःख त्यसभन्दा दुई पाइला अगाडि बढेको हुन्छ । सुखका लागि दुःख गर्नु नै जीवनको ध्येय हो । क्रमशः

# चाकु एक, परिकार अनेक



▶▶ पदम श्रेष्ठ

चाकुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ उखु एक भए पनि चाकु बनाउने पहिलो सामग्री उखु पेलेर पकाएर बनाउने सखर नै हो । त्यही सखर विभिन्न तरिकाले छानेर छुट्याएर राम्रो पहेँलो असल सखरबाट चाकु बनाइन्छ । त्यही चाकुबाट विभिन्न पाक मिलाएर गुँदपाक, पुष्टकारी, तिलौरी, सुत्केरी औषधि फाकु वासः आदि बनाइन्छ भने तराईमा सखरको प्रयोग गरी गोलफुकीबाट लाई, तिलको लड्डु, मुराई लड्डु आदि बनाइन्छ ।

नेपाल भाषामा चाकुको तात्त्विक अर्थ गुलियो टुक्रा हुन्छ । नेपाल मण्डल अर्थात् काठमाडौं उपत्यका वरिपरिका ऐतिहासिक बस्तीहरू फर्पिङको नासपाती, भक्तपुरको जुजु धौ, मध्येपुर ठिमीको टिकनी बजी अर्थात् चिउरा, सिन्धुलीको जुनार, गोरखाको सुन्तला, ककनीको ट्राउट माछा र स्ट्राबेरी, मलेखुको माछा भनिएझैं गुलियो टुक्रा अर्थात् चाकु उत्पादनको पहिचान बनाएको ऐतिहासिक बस्ती हो, टोखा । नेपाल भाषामा ‘टु’ भन्नाले उखु र ‘ख्यो’ भन्नाले चौर भन्ने बुझिन्छ । उखु उत्पादन हुने विशाल फाँट अर्थात् चौरलाई समास गर्दा टुख्यो नै कालान्तरमा टोखा हुन गएको हो । काठमाडौंबाट १० किलोमिटर उत्तर शिफुचो (शिवपुरी आठ हजार ९६२ फिट) को काखमा अवस्थित टोखा, चाकु उत्पादन केन्द्र हो ।

चाकु उत्पादनको केन्द्र टोखा भनिएता पनि वास्तविकतामा टोखामा चाकुका लागि आवश्यक कच्चा पदार्थ उखु उत्पादन हुन छाडेको छ । हाल टोखामा सञ्चालित छ वटा चाकु उत्पादन केन्द्रका लागि आवश्यक उखुको रसबाट बनेको सख्खर कपिलवस्तुको धुनिवेसीबाट ल्याइने गरेको बताइन्छ । कात्तिक महिनादेखि उत्पादन थालिने चाकुबाट बनेका परिकारहरू पुष्टकारी, गुँदपाक, तिलौरी, लत्तेपा आदिका परिकार नेपालमा नै प्रयोग हुने र कतिपय चाकुका परिकार भारत, अमेरिका, अस्ट्रेलिया, दक्षिण कोरिया, जापानसम्म पुग्ने गरेको बताइन्छ । भनिन्छ, जंगबहादुर राणा बेलायत जाँदा नेपाली उत्पादन उपहार चाकुका परिकार लगिएको थियो । राणाकालदेखि नै देश विदेशसम्म उपहारको रूपमा लैजाने चाकुको परिकारको उत्पादन कम तर माग बढी भएपछि टोखाबाहिरबाट ल्याइएको उखुको सखर व्यापक रूपमा भित्रिन थाल्यो भने सजिलोका रूपमा सस्तो उखुको खुदो तराईबाट भित्रिन थालेपछि टोखा क्षेत्रमा नै उत्पादन हुने निकालो जातको मसिनो उखुको उत्पादन ठप्प प्रायः हुन पुगेको स्थानीय बुढापाकाहरू बताउँछन् । चाकु विशेषगरी पुस महिनामा मनाइने योमरि पुन्हिमा योमरि बनाउन र माघ महिनामा घिउ चाकुका लागि सर्वाधिक बढी प्रयोग हुने गरेको पाइन्छ ।

### टोखाको चाकु पहिचान जोगाउने प्रयास

परम्परागत निगालो जातको मसिनो खाले उखुको लाक्रा टोखाको मुख्य पहिचानमुखी उखु मानिन्छ । टोखाको उखुलाई पहिचान दिनुपर्दा हातको बूढी औंलाजस्तो उखुको लाक्राले उत्पादन हुने गरेको बताइन्छ । व्यापारमा नाफा नदिए पनि केही स्थानीय युवाहरूले पुरानै उखुको बेर्नालाई जगाउने अभियान थालेका छन् ।

छ वटा चाकु उत्पादन केन्द्रमार्फत टोखाको चाकुको इतिहासलाई बचाउँदै आइरहेको भए पनि स्थानीय उखुको नश्ल नाश हुने खतरा बढेपछि दशौं वर्ष अमेरिका बसेर आएका सञ्चारकर्मी हिक्मत डंगोलले टोखाको मौलिक उखुको नश्ल बचाउने अभियान थालेका छन् । यसका लागि डंगोलले नगरपालिका र वडासँग मिलेर काम गर्ने योजना बनाएका छन् । सञ्चारकर्मी डंगोल भन्छन्- पुराना बूढापाकामार्फत निगालो नश्लको उखुको बेर्ना संकलन गरी आफ्नै जग्गामा सार्न थालेको छु । त्यो उखुबाट खुदो निकालेर नमूना चाकु उत्पादन गर्ने लक्ष्य रहेको छ । पुराना बूढापाकाहरूले भनेअनुसार यसरी उत्पादन हुने चाकु थोरै भए पनि स्तरीय हुने छ । यो चाकु अर्गानिक पनि हुने छ ।



### चाकु नेवारी जीवनको अभिन्न संस्कृति

*टोखाया चाकु, मचा बुल हाकु योमरि माकु...*

अर्थात् ‘टोखाको चाकु बच्चा जन्मियो काले योमरि स्वादिलो’ बोलको गीत ख्याली जुजु मदनकृष्ण श्रेष्ठले गाएजस्तै नेवारी जीवनका हरेक पक्षमा चाकु अनिवार्य मानिन्छ ।

*योमरि चाकु उकि दुने हाकु*
*व्युम्ह ल्यासे मव्युम्ह बुढीकुटी*

तिहारमा देउसी भैलो खेलेजस्तै चाकु तिलले परम्परागत तरिकासँग बनाएर मःमः बफाएर पकाएजस्तै पकाएर खाने, खुवाउनेदेखि प्रत्येक वर्ष माघे संक्रान्तिका दिन घिउ चाकु खाइन्छ ।

चाकुको परिकार खानाले शरीरमा ताप बढेर चिसो लाग्नबाट बचाउँछ भन्ने मान्यताअनुसार देशमा सर्वाधिक जाडो महिनामा पर्ने माघ महिनामा पर्ने माघे संक्रान्ति र योमरि पूर्णिमाकै बेला चाकुको परिकार खाने खुवाउने परम्परा रहेको हो । त्यसैले नेवारहरू बच्चा जन्मँदा नै सुत्केरीलाई घिउ चाकु मासुको परिकारसँगै खुवाउने गर्छन् । चाकुबाट गुँदपाक, पुष्टकारी, सुत्केरीलाई खुवाउन बनाइने चाकु वासः, तिलौरी, लत्तेपादेखि अनेक परिकार बनाइन्छ ।

ट्रेकिङ, हाइकिङ यात्रामा चाकुको परिकार खाँदै हिँड्दा ‘हाइ अल्टिच्युड’ लाग्दैन भन्ने मान्यता पाइन्छ । चाकुले यतिसम्म ताप वृद्धि गर्ने हुन्छ कि लेसाइलो पनि हुन्छ । चाकुमा भएको लेसाइलोपनको कारण प्राचीन दरबार बनाउँदा चाकु, मासको दाल, सुर्की मिसाएर इँटा जोड्ने मसला बनाइन्थ्यो भन्ने पनि छ ।

समग्रमा भन्नुपर्दा चाकु नाउँ परिकार एक तर यसको प्रयोगले स्वास्थ्य र संस्कृतिको प्रवर्द्धनदेखि बलियो निर्माणसम्म हुने गुण अनेकको पहिचान पनि स्थापित गर्दै लैजानुपर्ने आजको आवश्यकता भएको छ ।

### चाकु एक, परिकार अनेक

मूलतः चाकुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ उखु एक भए पनि चाकु बनाउने पहिलो सामग्री उखु पेलेर पकाएर बनाउने सखर नै हो । त्यही सखर विभिन्न तरिकाले छानेर छुटचाएर राम्रो पहेँलो असल सख्खरबाट चाकु बनाइन्छ । त्यही चाकुबाट विभिन्न पाक मिलाएर गुँदपाक, पुष्टकारी, तिलौरी, सुत्केरी औषधि फाकु वासः आदि बनाइन्छ भने तराईमा सख्खरको प्रयोग गरी गोलफुकीबाट लाई, तिलको लड्डु, मुराई लड्डु आदि बनाइन्छ । त्यही चाकु वा सख्खरको छोकर प्रयोग गरी तमाखु खानदेखि पूजामा सर्वत बनाउनसम्म प्रयोग गरिन्छ ।

चाकु र चाकुका परिकारहरू चिसोबाट बच्न खाइन्छ भने खीर बनाउँदा वा सातुसँग खाएमा चिनीको केमिकलबाट पर्ने कू-प्रभाव शरीरमा पर्दैन भन्ने मान्यता पनि रहेको पाइन्छ ।

### माघे संक्रान्तिका परिकार बनाउने तरिका

**१) चाकुः**

मूलतः माघे संक्रान्तिमा चाकु बजारबाट किनेर ल्याउने परम्परा छ । तर चाकु बनाउन पनि सजिलो नै हुने गर्दछ । सर्वप्रथम पहेँलो रङको सख्खरलाई एउटा प्यानमा घिउ राखेर तताउने र अलिकति पानी राखेर पकाउनुपर्दछ ।

बाक्लो नभएसम्म पकाएको पकाएकै गरेपछि छुट्टै भुटेको देसी वा अन्य बदाम र नरिवलको धुलो मिसाएर बाक्लो नहुञ्जेल पकाउने र करिब चार घण्टापछि आफ्नो इच्छाअनुसारको आकार दिने चाकु तयार हुन्छ ।

**२) तिलको लड्डु र भुजाको लाई**

सेतो वा कैलो तिल प्यानमा खैरो रङ नआएसम्म भुट्ने । चाकु बनाएकै सख्खरको लेदोमा अलिकति दूध, घिउ, सुकुमेलको धुलो र बदामको धुलो पनि मिसाएर पकाउ ने गरिन्छ ।

जुन लेदोमा छुट्टा-छुट्ट भुटेको तिल वा भुजा मिसाएर तात्तातै हातमा पानी राख्दै डल्लो पार्ने हो भने तिलको लड्डु वा लाई तयार हुन्छ । यही परिकारसँग घिउ, तरुल, चिउरा, मासु र पालुंगोको सागसहितको भोज माघे संक्रान्तिमा खाने परम्परा छ ।

# छोडिएको मेरो देश



▶▶ युवराज ढुंगाना

*न रोजे तिमीलाई, न बिर्सें तिमीलाई*
*विनाअर्थ यसै गुमाएँ तिमीलाई*
*हे आमा ! नेपाल, पुकार्छु तिमीलाई*
*केवल सम्झनामा सजाएँ तिमीलाई ।*

### विछोडको पीडा

यही हो, परदेशीको जिन्दगी, नेपालीको कथा । आज देश छोडेर विदेशिएका नेपालीहरूले आफ्नो मातभूमि आमालाई कतिपयले यसैगरी पुकारेका होलान् । न देशमा बस्न सके, न देशलाई बिर्सन सके, उनीहरूले । न देशमा बसेर रमाउन पाए, न देश छोड्दा परेको चोट र वेदना भुल्न सके ।

देशमा शासन गर्नेहरूले देशको अस्मिता चपाइसके । हेर्नेहरू हेर्दाहेर्दै, रुनेहरू रुँदारुँदै मरिसके । भाग्नेहरू भाग्दा-भाग्दै हराइसके, माग्नेहरूले माग्दामाग्दै देश बाँझो बनाइसके । एकथरिलाई मागेर खान पाए पुग्यो । अर्काथरिलाई लुटेर खान पाए पुग्यो । बेचिनेहरू बेचिएकै छन् । पीडितहरू पिसिएकै छन् दबिनेहरू दबिएकै छन् ।

विद्रोहका आवाज चिच्याउनेहरू गला सुकीसुकी छट्पटाइरहेकै छन् । त्यसमा पनि एकथरि चमेराहरू चिच्याएर भनिरहेका छन्- हामीले परिवर्तन ल्यायौं, बोल्ने अधिकार नपाएकालाई अब बोल्ने मात्र होइन, चिच्याउने, रुने, कराउने, उफ्रने आफ्नै शरीरमा आगो सल्काएर मर्नेसम्मको अत्यधिक मानवअधिकार दिएका छौं ।

यसो भन्दै कहिल्यै नथाक्ने जहर बनेका छन् । आगो ओकली राखेका छन् । उनीहरूको बोलीबाट मान्छे मर्न सक्छ । एउटा सानो आदेश पाए नागरिकले ‘प्राण’ छोड्न सक्छ । समृद्धिको चरम सीमा तोड्न सक्छ । यहाँ कस्तो सुन्दर वैकुण्ठ बासको भाग्य रेखा कोर्न सक्छ ।

हो ! त्यसैले हो । आज अधिकांश नेपालीहरूको स्वर सुकेर गलामा आवाज अड्किएको छ । शरीर विदेशमा भड्किएको छ । एकमुठ्ठी प्राण लिएर घर फर्कन पाउने आशामा अड्किएको छ । यही रहेछ परिवर्तनले ल्याएको महान उपलब्धि । धन्य छ तिनलाई, जसले यो देशमा मृत्युलाई नै उपहार बनाएर जनतामा पस्किदिएका छन् ।

### जीवनको साँचो अर्थ

जिन्दगीलाई हेर्ने दृष्टि सबको आ-आफ्नै हुन्छ । जसले देशलाई माया गर्छ, उसैको मन तब रुन्छ । मलाई लाग्छ, जीवन भनेको एउटा ठिंग उभिएको शरीरमात्र हुँदै होइन । जन्मनु र मर्नुमात्र पनि जीवन होइन । यो त एउटा शाश्वत् अविछिन्न प्रेम हो, उपहार हो । सौभाग्य र प्रकृतिको सुन्दर सौगात पनि हो । रमणीय र खुसियालीको संगम हो जिन्दगी । आफ्नो घरपरिवार, समाज र देशलाई छोडेर विदेश जान कसलाई पो मन हुन्छ र ? तर पैसा भए दुनियाको सबै चिज पाइन्छ भन्ने सोचाइ पनि यदाकदा नसुनिएको होइन ।

धनीको हातमा संसारै हुन्छ भन्छन् । तर याद राखौं त्यस्तो पनि होइन । धनले किन्न नपाउने साथै जीवनसँगै जोडिएका अमूल्य कुरा यहाँ धेरै छन् । जवानी हर्षोल्लास, प्रेम र समय के किन्न पाउने कुरा हो र ? जीवनको त्यो शाश्वत् सुन्दर प्रेम र खुसियाली आफ्ना अवोध बालबच्चाहरूको कलिलो मुहारमा झल्किने मुस्कान, आफ्नी जीवनसंगिनी वा संगी प्रियतम् वा प्रियसीको त्यो कलकलाउँदो उर्वर जवानी ब्रह्माण्ड नै पाएजस्तो चरमोत्कर्ष आनन्दको न्यानो माया, अनि डाँडामाथि अस्ताउन लागेका घामझैं हेरिरहुँजस्तो लाग्ने ती वृद्ध बाबुआमाको अनुहारमा टल्केका मोती दानाझैं आँसुहरू अनि यस्तै यस्तै सम्झनाका लाखौं थुंगाहरू ।

पीडा र खुसीका मिश्रणहरू कसले कहाँ चाहेर पाउने अनि नचाहेर हराउने हुन्छ र ? आफूले चाहेरमात्रै न पीडा मेटाउन सकिन्छ न त चाहँदैमा खुसी मेटाउन सकिन्छ । मालीविनाको फूलझैं नफक्रिँदै, ओइलाएर झरेर कसरी जान्छ जिन्दगी ! जसले जीवनको साँचो परिभाषा बोकेको हुन्छ, त्यसै कुराको अत्तोपत्तो केही निशाना रहँदैन एक्लो परदेशीको जीवनमा ।

यस्तै-यस्तै अन्य धेरै आफ्ना बाल्यकालका दौतारी साथीभाइ, इष्टमित्र, मामा-माइजु, सानीमा-ठूली आमा, दिदी-भिनाजु, भाञ्जा-भाञ्जी, साला-साली, सासू-ससुरा, भतिजा-भतिजी, भान्दाइ-मामा दाइ, फूपू-फुपाजु, सोल्टी-सोल्टिना आदि-इत्यादिसँगको त्यो आत्मीय नाता सम्बन्ध अगाध स्नेह खोई ? कहिले पाउने ?

### अझै गम्भीर मानवीय पक्ष

यस्तै वर्षैभरि आउने रमाइला चाडपर्व दसैं-तिहार, छठ, ल्होछार, अनि फागु-होलीको रंग रमाइलो, शिवरात्रीमा शिवधुनी लाउने, उखु पड्काउने, पूजा गर्ने, रङ छट्काउने, उद्यौली-उभौली, सेलो र देउडा नाच कहिले नाच्ने ? इन्द्रजात्रा-घोडेजात्रा, भोटोजात्रा, बाघनाच, असारेनाच, विवाह पञ्चमी-ऋषी पञ्चमी, श्रीपञ्चमी, हरिशयनी, हरिबोधिनी यस्ता अनगिन्ति ब्रतादीयज्ञादी अनेकन अवसर कति गुमाउने ? अनि गुमेको कुरा त्यो फेरि कहाँ पाउने ? कहिले पाउने ?

त्यतिमात्रै हो र ! मेला, पर्व, उत्सव, रोधी दोहोरी, भैलो देउसुरे, नाचगान, हाटबजार, जात्रा पर्व, पूजाआजा, आफन्तको जन्मदिन, न्वारन, पास्नी, विवाह, ब्रतबन्ध, गुफा बस्ने, चोलो लाउने, सप्ताह पुराण, मृत्यु दशकर्म आदि इत्यादिमा जमघट हुने, भलाकुसारी गर्ने, हाँसोठट्टा मजाक, दुःख सुख मन साटासाट गर्ने, अर्गानिक थेरापी कहिले गर्ने ? कयौं अवसरहरू तुसारोले छोपेका अंकुराहरू भनौं कि सबै डाँडापारिका घाम डुबेझैं अँध्यारोले ढाकिसकेको हुन्छ जिन्दगीको गोरेटोबाट पछि फर्केर हेर्दा । यी तिनै अवसरहरू हुन् जसले सम्पूर्ण रूपमा सामाजिक सम्बन्धलाई आत्मिकरूपमा बलियो, सवल र गहिरो गाढा बनाइराखेको हुन्छ । ती सबै सम्बन्धहरू चकनाचुर भइसकेका हुन्छन् एउटा परदेशीको जीवनमा । त्यही सामाजिक सम्बन्धको अमर प्रेम नै जीवनको साँचो प्रेम हो, त्यही प्रेम नै सही जीवन हो, जिन्दगी हो ।

परदेशमा हाम्रा दिनहरू जसरी संघर्षका भुमरीमा बितेर जान्छन् । यी तमाम अवसरहरू पनि, त्यसैगरी अँध्यारोमै हराएर, लोप भएर, उडेर जान्छन् । अन्त्यमा धमिराले खाएर ढल्न बाँकी खोक्रो सिमलको रुखजस्तै ठिंग आकारमात्रैको रसविनाको रित्तो शरीर फर्किने हो देशभित्र । त्यो पनि भाग्यले बाँचिएछ भनेमात्रै ।

अन्त्यमा कृपया याद रहोस् । आज सञ्चारमाध्यमले गर्दा संसार सानो भएर पृथ्वीको एउटा कुनामा घटेको घटना उत्तिबेलै अर्को कुनामा देख्न र सुन्न सकिने भइसकेको हुनाले हाम्रो नयाँ पुस्ताको समृद्धिका लागि आगामी दिनहरूमा देशभित्रै सुनौलो भविष्य बनाउनुपर्ने वर्तमान पिढीको प्रमुख दायित्व हो भन्ने कुरा नर्बिसौं ।

# थारु गाउँमा माघीको रौनक



**राँझा (बाँके)**– थारु समुदायमा माघी पर्वको रौनक सुरु भएको छ । नयाँ वर्षको रूपमा लिइने माघीले थारु समुदाय तथा बस्ती उल्लासमय भएका छन् ।

पुसको अन्तिमदेखि माघको मध्यसम्ममा थारु समुदायले माघी पर्व मनाउने बाँकेका थारु अगुवा रामदास थारुले बताए । 'माघीको अवसरमा नाचिने माघी, छोक्रा, हुर्दुग्वा, लठहवालगायतका नाँच थारु गाउँमा सुरु भएका छन्,' उनले भने, 'गाउँगाउँमा नाचसँगै माघीको चहलपहल सुरु भएको छ । माघीकै अवसरमा घरघरमा नाचगान गरेर दक्षिणा उठाउने चलन पनि छ ।'

थारु समुदायमा माघीलाई विशेष महत्त्वका साथ हेरिन्छ । माघीदेखि नै समुदायमा नयाँ काम सुरु गर्नुका साथै नयाँ व्यवस्था लागू हुने भएकाले यसलाई विशेष महत्त्वका साथ हेरिने बैजनाथका थारु अगुवा चन्द्रबहादुर चौधरीले बताए । 'यो पर्वलाई समुदायमा आ-आफ्नै तरिकाले मनाउने गरिएको छ । तर नीति व्यवस्था र गाउँ सञ्चालन प्रक्रिया एक वर्षलाई एउटै हुने भएकाले यसको विशेष महत्त्व रहन्छ,' उनले भने ।

माघी थारू समुदायको चाडमात्रै नभएर यस अवसरमा नयाँ रीतिथिति, नयाँ अगुवा (मतहवा, भल्मन्सा, मतहवा, बरघर) चुन्ने र नीति नियम निर्माण गर्ने पर्वका रूपमा रहेको चौधरीको भनाइ थियो । पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा थारु समुदायको बाक्लो बस्ती रहेकाले पनि माघीमा यी जिल्लामा विशेष महत्त्वकासाथ मनाउने गरिन्छ ।

गाउँको अगुवा, प्रमुखदेखि चौकीदारसम्म चुनिने, वर्षभरिका लागि कसलाई के जिम्मेवारी दिने, घरको मूली को बन्ने, लेनदेन, घरसल्लाहलगायत विषयमा छलफल हुने भएकाले यसलाई नयाँ आर्थिक वर्षको रूपमा पनि थारु समुदायले लिने गरेका राप्ती सोनार-३ बैजापुरका थारु अगुवा तुलसीराम थारुले बताए । 'विशेष गरेर पुसको अन्तिम दिनदेखि माघीको रौनकता बढ्छ । अहिले थारु गाउँगाउँमा रातभर आगो बाल्ने चलनअनुसार दाउरा संकलन, पिसान कुटान, रङरोगन, जाँड तथा ढिक्री पकाउने तथा खानाका अन्य परिकार बनाउने काम पूरा भएको छ,' उनले भने, 'माघीको अवसरमा विभिन्न ठाउँमा मेला महोत्सवकोसमेत आयोजना हुन गर्दछन् ।'

तुलसीरामका अनुसार थारु समुदायमा माघ १ गतेको अघिल्लो दिन रातभरि आगोको धुनी बालेर ताप्ने गर्दछन् । गाउँभरिका मानिसहरू एकठाउँमा जम्मा भएर गाउँको एक ठाउँमा आगो बालेर रातभर रमाइलो गर्दछन् । राति आगो ताप्ने, बिहान भाले बासेसँगै नदी, खोलामा नुहाउने गर्दछन् । नुहाएर आफूभन्दा ठूलासँग आशीर्वाद लिने र सानालाई स्नेह गर्ने चलन रहेको उनको भनाइ थियो ।

'माघ २ गते गाउँको भेला बोलाएर अगुवा छान्ने र नीति नियम बनाउने चलन छ । त्यसपछि केही दिन नाचगान गरेर पर्व मनाउने गरिन्छ,' तुलसीरामले भने । माघी पर्वसँगै थारु सँस्कृति संरक्षण र रमाइलोका लागि मगौटा नाचगान पनि सुरु भएको बैजनाथ-१ च्यामाका गणेश थारुले जानकारी दिए ।

### भुवरभवानीमा माघी मेला

थारु समुदायको मुख्य पर्व माघीको अवसरमा बाँकेको राप्ती सोनारी गाउँपालिका-३ स्थित भुवर भवानी मन्दिर परिसरमा आइतबारदेखि सुरु भएको माघी मेला माघको ४ गतेसम्म लाग्ने छ ।

बैजापुरस्थित भुवरभवानी मन्दिर परिसरमा प्रत्येक वर्ष माघी पर्वको अवसरमा लाग्ने माघी मेलामा बाँकेका साथै छिमेकी जिल्ला र भारतबाट समेत भक्तजनहरू यहाँ पुग्ने गरेका मेलाका संरक्षक एवं वडा नं ३ का वडाध्यक्ष मीनकुमार थारुले जानकारी दिए । 'यो मन्दिर नेपाल र भारतमा प्रचलित भएकाले यसको प्रचारप्रसारका लागि मेला आयोजना गर्ने गरेका छौं,' उनले भने, 'धर्म र आस्थाको संरक्षणका लागि बाहिरी पर्यटन भित्रचाउन मेला सहयोगी बन्दै आएको छ ।'

वि.सं. २०१३ मा स्थापना भएको भुवरभवानी मन्दिरमा वर्षमा तीनपटक विशेष पूजासँगै लाग्ने मेलामा व्यापार व्यवसायका साथै मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन हुने वडाध्यक्ष थारुले जानकारी दिए । *रासस*

**चिसोको कहर**

# नेपालगञ्जका सार्वजनिक स्थान र चोकमा आगो ताप्ने व्यवस्था



**जानकी (बाँके)**– शीतलहरसँगै चिसो बढेपछि नेपालगञ्ज उपमहानगरपालिकाले यहाँका विभिन्न सार्वजनिक ठाउँ तथा चोकमा दाउरा वितरण गरेर सामूहिकरूपमा आगो ताप्ने व्यवस्था गरेको छ ।

उपमहानगरपालिकाले आइतबार बिहानैदेखि दाउरा वितरण सुरु गरेको नगरप्रमुख प्रशान्त विष्टले बताए ।

उनका अनुसार नगरका मुख्य २० ठाउँमा दाउरा वितरण गरिएको छ । नगरप्रमुख विष्टले अब नियमितरूपमा निरन्तर नगरका अन्य सार्वजनिक स्थान, चोक तथा वडाका भित्री चोकमा समेत दाउरा वितरण गर्ने बताए ।

'शीतलहरको सुरुआतसँगै चिसो अत्यधिक बढेकाले सर्वसाधारणको सहजताका लागि सामूहिक आगो ताप्ने व्यवस्था मिलाएका हौं,' नगरप्रमुख विष्टले भने, 'जाडोका कारण आगो ताप्न नपाएर बाँकेमा कसैले पनि ज्यान गुमाउनुपर्ने छैन ।'

नेपालगञ्जका रामलीला मैदान, भेरी अस्पताल अगाडि, त्रिभुवनचोक, त्रिवेणी मोड, सेतु विक चोक, बसपार्क बाहिर, बसपार्क भित्र, कारकाँदो चोक, विशाल चोक, पीपल चौतारा खजुरारोड, जिल्ला प्रहरी कार्यालय अगाडि खजुरारोड, जिल्ला प्रहरी कार्यालय परिसर, शिव मन्दिर चोक, धम्बोझी चोक, धम्बोझी चोकस्थित मस्जिद, विपी चोक, विटिएस चोक, गणेशमान चोक, मानव सेवा आश्रम र नीलसगर सेवा आश्रममामा आगो ताप्ने व्यवस्था गरिएको नगर प्रहरी प्रमुख सूर्यबहादुर बोगटीले जानकारी दिए ।

उक्त दाउरा वितरण र सामूहिक आगो ताप्ने कार्यक्रममा उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजाल, प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक नारायण डाँगी, नगर प्रहरी प्रमुख बोगटीलगायतको उपस्थिति थियो । *रासस*

# स्क्रब टाइफसबाट चार जनाको मृत्यु

**चितवन (प्रस)**– जिल्लाका विभिन्न अस्पतालमा उपचार गर्न ल्याइएका बिरामीमध्ये स्क्रब टाइफसबाट चार जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा एकजना चितवनका र अन्य बाहिरी जिल्लाका रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीका अनुसार चालु आर्थिक वर्षमा तीन हजार २५४ जनामा गरिएको परीक्षणमा १६३ जनामा उक्त संक्रमण देखिएको थियो । संक्रमितमध्ये चार जनाको मृत्यु भएको हो । ती संक्रमितमध्ये ८८ जना चितवनकै र बाँकी अन्य जिल्लाका थिए ।

गत आर्थिक वर्षमा जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका तीन हजार ४८५ जनाको परीक्षणमा ५१९ जनामा उक्त संक्रमण देखिएको थियो । संक्रमित सबै उपचारपछि घर फर्किएका थिए ।

स्क्रब टाइफस ओरिएन्टा सुसुगामुसी नामको ब्याक्टेरियाबाट हुने संक्रामक रोग हो । साधारणतया यो जीवाणुले मानिसलाई प्रत्यक्ष असर नपारी झाडीमा पाइने किर्ना (माइट्स) लाई संक्रमण गर्छ । सोही संक्रमित किर्ना मुसालगायत अन्य जनावरका शरीरमा बस्छन् । संक्रमित किर्नाले टोकेको मुसा वा जनावर मानिसको सम्पर्कमा आएर शरीरमा टाँसिए वा टोकेमा स्क्रब टाइफस सर्ने गर्छ ।

यो रोग लागेका मानिसमा उच्च ज्वरो आउने, आँखा रातो हुने, खोकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, पखालाले सताउने, श्वास फेर्न समस्या हुने, टाउको, जोर्नी तथा मांसपेशी दुख्ने, बिमिरा देखिने र टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने निरीक्षक केसीले बताए ।

यसैगरी गत साउनयता जिल्लामा २१ हजार २९८ जनामा गरिएको परीक्षणमा डेंगीबाट संक्रमण हुनेको संख्या एक हजार ६१५ पुगेको छ । जिल्ला बाहिरका एक जनाको सोही रोगका कारण मृत्यु भएको उनले जानकारी दिए । *रासस*


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/१०/०१ गते)

पुर्णविर खड्काको नाती, कविराज खड्काको छोरा बाग्लुङ जिल्ला, नारायणस्थान गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं १४ नारायणस्थान बस्ने गोमती खड्काको श्रीमान रत्न बहादुर खड्काको मिति २०७९/०९/२५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको कुश्मा शाखामा रहेको बचत खाता नं ०४७००२६६२५१०००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निबेदन दिनु भएको हुदा उक्त निक्षेप उपर निज निबेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र आफ्नो हकलाग्ने ब्यहोरा प्रमाणित हुने सक्कलै सबुद प्रमाण कागजात सहित यसै बैंकको शाखा कार्यालय कुश्मामा हकदाबी गर्न आउनुहोला । म्याद भित्र कसैको हक दाबी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराउदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कुश्मा, पर्वत फोन नं ०६७-४२११४५



**युएई/साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CLEANCO CLEANING SERICES AND BUILDING MAINTENANCE
पुर्व स्वीकृति मिति २०७९/१०/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ LT No.280047 चलानी नं.६०१९५६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 37 | 0 | 800 | २८,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Female) | 0 | 11 | 900 | ३१,८९० | | | | | | | |

कम्पनी : NAHJ LAYAN TRANSPORTATION EST
पूर्व स्वीकृति मिति २०८०/०९/२९ LT No. 297948 चलानी नं. ६०२१२९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 2 | 0 | 1800 | ६३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



**MAURITIUS/MALAYSIA मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : NAPCO RECONDITIONING CENTRE LTD
पूर्व स्वीकृति मिति २०८०/०६/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ LT. No. 293557 चलानी नं. ६०२०८७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Turner and Fitter Machine Operator and Welder | 10 | 0 | 17000 | ५१,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SBK FARMS SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०९/२९ LT. No.297931 चलानी नं. ६०२१२९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 3 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : UNITECH PLAS SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०१/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ LT. No. 285518 चलानी नं. ६०२००९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MOHAMMED AL JAHLAN AL QAHTANI SONS TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति २०८०/०९/२९ LT. No. 297943 चलानी नं. ६०२१२९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 1800 | ६३,५८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Trailer Truck Driver | 2 | 0 | 1800 | ६३,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SAISA FRESHSTART CLEANING AND HOSPITALITY WLL
पूर्व स्वीकृति मिति २०८०/०९/२९ LT. No. 298019 चलानी नं. ६०२१२९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 1 | 1400 | ५०,९४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 0 | 1 | 1000 | ३६,३८५ | | | | | | | |
| 3 | General Clean Worker | 2 | 1 | 1000 | ३६,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772



**युएई/कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LALIGURANS WEDDING ORGANIZING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०९/२९ LT. No. 297951 चलानी नं. ६०२१२९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 3 | 800 | २८,८५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 15 | 3 | 1200 | ४३,२८० | | | | | | | |

कम्पनी : BHANU CLEANING AND CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/०९/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ LT. No. 297414 चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/०३/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ LT. No. 288633 चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 6 | 0 | 4000 | १२३२०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९६६६२ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 17 | 10 | 1000 | ३६,६६० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 6 | MANAGER VARIETY | 1 | 0 | 6000 | २१४८०४ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | १०९,९७५ | | | | | | | |
| 8 | SUPERVISIOR | 8 | 2 | 2500 | ९१,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com

# प्रभाव दैनिक

## रूपशाला



### 'ईश्वर'को शुभमुहूर्त

राजु गिरीको निर्देशन रहने फिल्म 'ईश्वर'को शुभमुहूर्त गरिएको छ । फिल्मको शनिबार पोखरास्थित बिन्दाबासिनी मन्दिरमा शुभमुहूर्त गरिएको हो । लक्ष्मी कुँवर थापाको प्रस्तुतीमा निर्माण हुने फिल्ममा पृथ्वीराज प्रसाई, सुनिल थापा, शिशिर वाङ्देल, बुद्धि तामाङ, रविन्द्र झा, सविन बास्तोला, गीता अधिकारी, माओत्से गुरूङ लगायतको अभिनय छ । माघ २८ गतेबाट फ्लोरमा निस्कने फिल्म दिव्या कंगना फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको हो । फिल्मको पट्कथा एवंम् संवाद भोजराज देवकोटाले तयार गरेका हुन् । हरिबहादुर थापा र शंकर गिरी निर्माता रहने फिल्ममा राजेन्द्र बजगाई र बीपी वाग्लेको संगीत, कविराज गहतराज, देवेन्द्र पाण्डे र सुरेश पाण्डेको कोरियोग्राफी, रामेश्वर हुँमागाईको छायांकन र देव महर्जनको द्वन्द्व रहनेछ ।

सोमबार १, माघ २०८० (Monday, January 15, 2024)

# गायिका माण्डबी र डा.भामाको 'आदत'मा प्रियाना



■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय गायिका माण्डबी त्रिपाठीको स्वर तथा डा.भामा देवकोटा शर्माको शब्द रहेको गीत 'आदत' सार्वजनिक भएको छ । गीतमा संगीत तथा संगीत संयोजना बिपिन आचार्यको छ ।

रोमान्टिक शैलीमा तयार गीतमा प्रेमीकाले आफ्नो जीवनमा प्रेमीको आदत परेको कुरा व्यक्त छ । प्रेमीकाले आफ्ना लागि प्रेमीकोसाथ अपरिहार्य रहेको समेत बताएकी छन् । गीतको भिडियो फिल्मी शैलीमा तयार गरिएको छ । भिडियोमा हास्य सिरियल 'सक्किगोनी'को कलाकार प्रियाना आचार्य मुन्नी', संजिव तामाङ, गीतकार डा.भामा देवकोटा शर्मा, डा. प्रमोद शर्मा, श्यामा देवकोटाको अभिनय छ । डा. प्रमोद शर्मा निर्माता रहेको भिडियोमा प्रेमीप्रेमीकोको रोमान्टिक प्रेमकथा देखाइएको छ ।

सञ्जिव तामाङको कोरियोग्राफी, विजय रुम्बा लामाको छायांकन तथा सम्पादन रहेको भिडियो संगीतकार विपिन आचार्यले नै निर्देशन गरेका हुन् । गीत अमेरिकामा रहेर नेपाली गीतसंगीत, साहित्य र संस्कृतिलाई माया गर्ने जोडी डा. भामा देवकोटा शर्मा र डा. प्रमोद शर्माको आधिकारिक युट्युव च्यानल प्रभामा क्रियसनबाट सार्वजनिक गरिएको हो । नेपाल र अमेरिकाको बिभिन्न स्थानमा छायांकन भएको भिडियोको अमेरिका छायांकन चर्चित छायांकार रामेश्वर कार्कीले गरेका हुन् ।

फिल्मी शैलीमा तयार भिडियोमा चर्चित फिल्म निर्देशक नारायण पुरीको समेत विशेष मार्गनिर्देशन रहेको निर्देशक संगीतकार आचार्यले बताए । गीत तथा भिडियो दर्शक श्रोताको रुचिमा पर्ने विश्वास गीतकारको रहेको छ ।

# सन्तलालको 'कथाभित्रका कथाहरु'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सन्तलाल चेपाङको वास्तविक जीवनीमा आधारित रहेर वृत्तचित्र 'कथा भित्रका कथाहरू' तयार गरिएको छ । कुनै समय सङगीतिक श्रव्यदृश्य निर्देशनमा व्यस्त रहेका दीपेन्द्र केसीले यसलाई तयार गरेका हुन् । उनले अहिले पनि चेपाङ समुदाय जङ्गलमै बस्नुको कारण र एक परिवारको कथालाई वृत्तचित्रमार्फत भन्न खोजेको जानकारी दिए ।

'अहिले पनि चेपाङ समुदायलाई जङ्गल नै प्यारो छ, म छायाङ्कनका लागि त्यहाँ पुगेपछि उनीहरूको छुट्टै संसार र जीवनसँग जानकार भए, यसलाई विश्वले हेर्नुपर्छ भन्ने उद्देश्यले वृत्तचित्र तयार गरेको हुँ', निर्देशक केसीले भने । चेपाङका बारेमा कमै कथा भेटेपछि वृत्तचित्र तयार गर्ने सोच बनाएका निर्देशक केसीलाई मनहरी गाउँपालिका वडा नम्बर ४ का सदस्य विष्णुबहादुर प्रजाले नयाँबस्तीसम्म पुऱ्याए ।

'त्यहाँ पुगेपछि मैले धेरै कथा भेटेँ, ती मध्येका एक सन्तलाललाई भेटेँ, मैले उहाँकै कथा किन देखाउँदैछु भन्ने बुझ्न वृत्तचित्र नै हेर्नुपर्छ', निर्देशक केसीले भने, 'मेरो उद्देश्य उहाँको कथा देखाउनु मात्र नभइ जीविकोपार्जनमा परिवर्तन ल्याउनु पनि हो, उक्त समुदायले बाँचिरहेको जीवन हाम्रो कल्पनाभन्दा बाहिर छ ।'




निर्देशक केसीले वृत्तचित्र तयारका लागि झन्डै दुई वर्ष खर्चिनु भयो । उक्त समय अनुसन्धानसँगै कसरी प्रस्तुत गर्ने भन्ने तयारी भयो । 'मैले छायाङ्कन लगभग तीन साताको समयमा गरेँ, त्यसैले गर्दा पनि मलाई समय लाग्यो, त्यो बीचमा म उहाँहरूसँग नजिक हुन पाएँ, मैले बुझेको उहाँहरूका भोगाइलाई शब्दमा व्यक्त गर्न सक्दिन', निर्देशक केसीले भने ।

निर्देशक केसीले उक्त वृत्तचित्र चाँडै प्रदर्शन गरिने बताए । चलचित्रसम्बन्धी अध्ययन गराइने ओस्कार कलेजमा शिक्षा लिएपछि निर्देशक केसी वृतचित्र निर्देशनमा लागे । उनको चर्चित सङ्गीतिक श्रव्यदृश्य गायक नवीन के भट्टराईको 'अलिकत पीडा', डम्बर नेपालीको 'टाढा नलैजाउ', हिमाल सागरको 'मैले सोचे तिमीलाई' लगायत छन् ।

# 'खजुरे ब्रो'बाट नीतिको डेब्यु

**काठमाडौं (प्रस)–** मोडल नीति शाहले फिल्म अभिनयमा डेब्यु गरेकी छन् । फिल्म 'खजुरे ब्रो'बाट उनले अभिनयमा डेब्यु गरेकी हुन् । फिल्मको छायांकन शुक्रबारदेखि सुरु भएको हो ।

केही अगाडिसम्म नीतिलाई फिल्म डेब्यु गर्न सकस भन्ने विषयका थुप्रै समाचार मिडियामा छाएका थिए । ४ फिल्म 'हुतुतु', 'एक्स ९', 'कामिनो' र 'रावायण'मा जोडिदा पनि उनले डेब्यु गर्न सकेकी थिइन् । चार फिल्म सम्झौता गर्दा पनि कुनै बन्न सकेन । पाँचौ फिल्म 'खजुरे ब्रो'ले भने उनलाई अभिनयमा डेब्यु गराएको छ । दुई हप्ताअघि मात्र उनी यो फिल्ममा अनुबन्ध भएकी हुन् । फिल्मको शुभमुर्हुत भने भोलि सोमबार राखिएको छ ।



फिल्ममा नीतिको जोडी अभिनेता रेअर राई हुनेछन् । रंगमञ्च पृष्ठभूमिका रेअरले दर्जनौं नाटकसँगै 'गोर्खा वारियर', 'यात्रा', 'ए मेरो हजुर ३' लगायतका फिल्ममा अभिनय गरेका छन् । 'खजुरे ब्रो' कमेडी कथावस्तुमा निर्माण हुने लागेको हो । सुरज सुनुवारको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्ममा महेश त्रिपाठी, नविन मानन्धरको पनि अभिनय रहनेछ । निर्देशक सुनुवार र नविन मानन्धरको संयुक्त निर्माण रहने फिल्मको काठमाडौं र धरानसँगै इटहरी र भारतस्थित दार्जलिङमा छायांकन गरिने जनाइएको छ । फिल्ममा अनमोल गुरुङको संगीत रहनेछ ।

# शिवहरिको निर्देशनमा 'कान्छी मुसुक्कै पैसा भुसुक्कै'

**काठमाडौं (प्रस)–** पछिल्लो समय हास्य सिरियलको बाढी आएको छ । यस्तैमा हास्य सिरियल 'कान्छी मुसुक्कै पैसा भुसुक्कै' निर्माण हुने भएको छ । सिरियलको निर्देशक हास्य कलाकार शिवहरि पौडेल हुन् । आमा बङ्गलामुखी फिल्म प्रालिको प्रस्तुति रहने सिरियलको लेखन समेत निर्देशक पौडेलकै रहनेछ । निर्देशक पौडेल र कलाकार खेम शर्माको मुख्य भूमिका रहने सिरियलमा अन्य कलाकार भने नयाँ रहनेछन् । सिरियलको विषयवस्तु समसामयिक र राजनीतिक हुनेछ ।

'अहिले प्राय सिरियलमा कलाकार दोहोरी रहेका छन्', पौडेलले भने- 'केही नयाँ स्वाद दिनुपर्छ भनेर म नयाँ कलाकार लिँदैछु ।' कलाकार मात्र नभएर विषयवस्तु समेत नौलो तरिकाले प्रस्तुत गर्ने पौडेलले सुनाए । शिवहरिले यस अगाडि 'कुरापाति कलबहादुर काका' नामको सिरियल बनाएका थिए । नेपाल टेलिभिजनको हास्य शृफ्ला 'जिरे खुर्सानी' सर्वत्र चिनिएका शिवहरिले केही अगाडि फिल्म 'लक्का जवान' निर्देशन गरेका थिए ।

कमेडी जनरामा सामाजिक विषयवस्तुमा बनेको फिल्ममा मदनकृष्ण श्रेष्ठ, किरण केसी, सरोज खनाल, सुशील पोखरेल, शिवहरि पौडेल, दिलीप रायमाझी, प्रियङ्का कार्की, सलोन बस्नेत, वर्षा सिवाकोटी, सुरेन्द्र केसी, स्व.जयनन्द लामा, अन्सुया श्रेष्ठ, अन्जु महर्जन, नरेन्द्र कंशाकार, देशभक्त खनाल लगायतको अभिनय थियो ।

## रंगशाला

# टाइगर कप आजदेखि, उद्घाटन खेलमा आर्मी र गण्डकी भिड्ने




■ प्रभाव संवाददाता

**पोखरा–** चौथो संस्करणको टाइगर कप आमन्त्रित महिला तथा पुरुष भलिबल प्रतियोगिता भोलि सोमबारदेखि पोखरामा सुरु हुँदैछ । टाइगर ग्रूप अफ पोखरा नेपालको आयोजनामा पोखरा रंगशालामा हुने प्रतियोगिता माघ ६ गतेसम्म चल्नेछ ।

आयोजकले आईतबार पत्रकार सम्मेलनको आयोजना गरेर उद्घाटन खेलमा गण्डकी प्रदेश र नेपाल आर्मी क्लव भिड्ने जानकारी दिएको छ । प्रतियोगितामा २ विदेशीसहित नेपाली टिमले सहभागिता जनाएका छन् । महिलातर्फ भारत हरियाणा पुलिस क्लब र पुरुषतर्फ श्रीलंकाको आर्मी टिमले विदेशी टिमको प्रतिनिधित्व गर्नेछन् ।

पुरुषतर्फ गण्डकी प्रदेश, सशस्त्र प्रहरी बल (एपिएफ) क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र हेल्प नेपाल स्पोटर्स क्लब र महिलातर्फ एपिएफ, न्यु डायमन्ड युथ स्पोटर्स, त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश र नेपाल पुलिस क्लबको सहभागिता जनाएका अध्यक्ष नारायणप्रसाद शर्माले जानकारी दिए ।

प्रतियोगितामा दुवैतर्फ विजेतालाई ५ लाख ५५ हजार ५ सय ५५ रूपैयाँ पुरस्कार दिइनेछ । उपविजेता टोलीले २ लाख ५५ हजार ५ सय ५५ र तेस्रोले नगद १ लाख २५ हजार ५ सय ५५ रूपैयाँ प्राप्त गर्नेछन् । पुरुष तथा महिला सर्वोत्कृष्ट खेलाडीले समान २५ हजार ५ सय ५५ रूपैयाँ पाउने आयोजकले जनाएको छ ।

दुवै इभेन्टका उत्कृष्ट सर्भर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट लिब्रो, उत्कृष्ट स्ट्राइकर र उत्कृष्ट प्रशिक्षकलाई १० हजार ५ सय ५५ रूपैयाँ बराबरको गिफ्ट ह्याम्पर प्रदान गरिने ग्रुपका अध्यक्ष शर्माले जानकारी दिए ।

# सन्दीपको शतकमा एपिएफ विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सन्दीप जोराको शतकको सहयोगमा विभागीय टोली एपिएफले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा विजयी सुरुवात गरेको छ ।

आइतबार भएको खेलमा एपिएफले बागमती प्रदेशमाथि ८९ रनको सहज जित निकालेको हो । त्रिवि क्रिकेट मैदानमा एपिएफले दिएको २४२ रनको लक्ष्य पछ्याएको बागमतीले ४२ ओभर ५ बलमा सम्पूर्ण विकेट गुमाउँदै मात्र १५२ रन बनायो । बागमतीका लागि कप्तान रित गौतमले ६० रनको अर्धशतकीय पारी खेले । त्यस्तै आशुतोष घिरैयाले ४१ रन बनाउँदा रविन जोशीले २० रनको योगदान गरे ।

एपिएफका लागि रोहित पौडेलले सर्वाधिक चार विकेट लिए । त्यस्तै अविनाश बोहरा र मौषम ढकालले दुई-दुई विकेट लिँदा पुर्ण विक र भुवन कार्कीले एक-एक विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको एपिएफले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २४१ रन बनायो । एपिएफका लागि सन्दीपले ११२ रनको शतकीय पारी खेले । ११७ बल खेलेका उनले ७ चौका र ५ छक्का प्रहार गरे । एपिएफका लोकेश बलमे २७ रन बनाउँदा अमर राउटेलाले २२ रनको योगदान गरे । बलिङतर्फ बागमतीका सुर्य तामाङले तीन विकेट लिए । त्यस्तै प्रतिश जिसी र राजन ढकालले दुई-दुई विकेट लिए । जितसँगै एपिएफले १ खेलबाट २ अंक जोडेको छ । याता बागमतीको दोस्रो हार हो ।

# बौंदीकालीलाई प्रदेशस्तरीय भलिबलको उपाधि



■ प्रभाव संवाददाता

**कास्की–** नवलपरासी (बर्दघाट सुस्तापूर्व) को बौदीकाली गाउँपालिकाले कास्कीको माछापुच्छे गाउँपालिकाले आयोजना गरेको 'दोस्रो माछापुच्छे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश अन्तरपालिका भलिबल' प्रतियोगिताको उपाधि जितेको छ ।

शनिबार सम्पन्न फाइनल खेलमा बागलुङको गलकोट नगरपालिकालाई ३-१ सेटले हराउँदै बौदीकाली च्याम्पियन बनेको हो । उपाधिसँगै उसले रु तीन लाख पुरस्कार प्राप्त गऱ्यो । उपविजेता गलकोटलाई रु दुई लाख प्रदान गरिएको छ ।

खेलको पहिलो सेट गलकोटले २१-२५ अङ्कले जित्यो । त्यसपछिका तीन सेट बौंदीकालीले आफ्नो पक्षमा पार्न सफल भयो । दोस्रो सेट बौंदीकालीले २७-२५, तेस्रो सेट २६-२४ र चौथो सेट २५-१६ अङ्कले जित्यो ।

सेमिफाइलनमा बौंदीकालीले स्याङ्जाको चापाकोट नगरपालिकालाई पराजित गरी फाइनलमा स्थान बनाएको थियो । यसैगरी गलकोटले कास्कीको अन्नपूर्ण गाउँपालिकालाई हराउँदै फाइनल प्रवेश गरेको थियो । अन्नपूर्ण र चापाकोटलाई रु ५० हजारका दरले पुरस्कार प्रदान गरियो ।

प्रतियोगितामा बौंदीकालीका अशोक श्रेष्ठ सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै रु सात हजार पुरस्कार पाए । उत्कृष्ट स्पाइकर बौंदीकालीका सरोज बर्देवा, उत्कृष्ट ब्लकर विश्वास अधिकारी र उत्कृष्ट सर्भर आशिष श्रेष्ठ, उत्कृष्ट डिफेण्डर चापाकोटका राजन दर्लामी मगर, उत्कृष्ट सेटर गलकोटका मीन सुनार र उत्कृष्ट प्रशिक्षक बौंदीकालीका सागर विष्ट घोषित भए । उनीहरूले जनही रु पाँच हजार पुरस्कार प्राप्त गरे ।

विजेता, उपविजेता तथा विधागतरूपमा उत्कृष्ट खेलाडीलाई नेपाली कांग्रेसका सहमहामन्त्री एवं प्रतिनिधिसभाका सांसदद्वय बद्री पाण्डे र जीवन परियार, गण्डकी प्रदेशसभाका सदस्य गणेशमान गुरुङलगायतले पुरस्कार वितरण गरेका थिए ।

# 'मानवतामा दाग लागेको' गाजा युद्धको १०० दिन

**गाजा पट्टी, प्यालेस्टाइनी क्षेत्र–** प्यालेस्टाइनमा कार्यरत संयुक्त राष्ट्रसंघका उच्च अधिकारीले गाजामा इजरायल र हमासबीच जारी युद्धले मानवतामा दाग लागेको बताएका छन् । प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय निकायका प्रमुख फिलिप लाजारिनीले गाजा पट्टीको भ्रमणका क्रममा जारी गरेको वक्तव्यमा भनिएको छ, 'विगत १०० दिनको व्यापक मृत्यु, विनास, विस्थापन, भोकमरी, क्षति र शोकले हाम्रो साझा मानवतामा दाग लागेको छ ।'

लाजारिनीले अक्टोबर ७ मा हमास र अन्य समूहले गरेको 'भयानक आक्रमण'को निन्दा गरेका छन्, जसमा एक हजार १४० जनाको मृत्यु भएको थियो । थप २५० जनालाई बन्धक बनाइएको र तीमध्ये १३२ जना गाजामै रहेको र २५ जनाको मृत्यु भएको अनुमान गरिएको इजरायली अधिकारीहरूले बताएका छन् ।

'बन्धक र उनीहरूका परिवारका लागि १०० दिनको समय निराशा र चिन्ताबीच बितेको छ,' लाजारिनीले भने । इजरायलले गत अक्टोबर ७ देखि गाजामा आक्रमण गर्दा कम्तीमा २३ हजार ८४३ जनाको मृत्यु भएको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

लाजारिनीका अनुसार बालबालिकाको एउटा सिंगो पुस्ता 'आघातमा परेको' छ र निको हुन वर्षौं लाग्ने छ । उनले भने, 'बालबालिकालगायत अन्य मानिसहरू अमानवीय अवस्थामा बाँचिरहेका छन्, रोगहरू फैलिरहेका छन् । तिनीहरू बाँच्न नसक्ने ठाउँमा बाँचिरहेका छन् र समय अनिकालतिर लम्किरहेको छ ।' *रासस/एएफपी*

# जापान भूकम्प : आइतबारसम्म २२० जनाको मृत्यु

**टोकियो–** जापानको मध्य प्रान्त इशिकावामा आइतबार ७.६ म्याग्निच्यूडको शक्तिशाली भूकम्प गएपछि मृत्यु हुनेको संख्या २२० पुगेको छ । स्थानीय समयअनुसार बिहान ९ बजेसम्म सबैभन्दा बढी प्रभावित प्रान्तमा बेपत्ताको संख्या २० रहेको छ ।

जापानको मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार उत्तरी र पूर्वी जापानमा आइतबार साँझदेखि मंगलबारसम्म तीव्र हावाहुरी, हिमपात र उच्च छाल आउने सम्भावना रहेको छ । भूकम्पप्रभावित होकुरिकु क्षेत्र र निगाता प्रान्तमा आइतबार ७२ किलोमिटर प्रतिघण्टाको रफ्तारमा हावा चल्ने अनुमान गरिएको थियो ।

आज सोमबारदेखि मंगलबारसम्म होकुरिकु क्षेत्र र निगाता प्रिफेक्चरमा चिसो हावा चल्ने अनुमान गरिएको छ । चिसोले गर्दा जापानी समुद्रको तटीय क्षेत्रमा भारी हिमपात हुने छ ।

यसैबीच जनवरी १ मा गएको शक्तिशाली भूकम्पपछि देशको सात तहको प्रणालीमा एक वा सोभन्दा बढी को तीव्रताका भूकम्पका झट्का शनिबार अपराह्न ४ बजेसम्ममा एक हजार ३६८ पटक मापन गरिएको जेएमएले जनाएको छ । मौसम विज्ञान अनुन्धान निकायका अनुसार मानिसहरुले अझै एक महिनासम्म ५ वा सोभन्दा माथिको शक्तिशाली भूकम्पको सामना गर्न सक्ने छन् । *रासस/सिन्ह्वा*

# अफगानिस्तानमा ११० वटा विकास परियोजना सुरु

**काबुल–** अफगानिस्तानको कामचलाउ सरकारको सार्वजनिक निर्माण मन्त्रालयले मार्च २१, २०२३ देखि हालसम्म ११० भन्दा बढी विकास तथा मर्मतसम्भार परियोजना सुरु गरेको मन्त्रालयका प्रवक्ता अशरफ हकशेनासले बताएका छन् ।

हकशेनसलाई उद्धृत गर्दै टोलोन्युजले आइतबार प्रकाशित गरेको समाचारअनुसार विगत १० महिनामा दुई अर्ब अफगानी (एक अमेरिकी डलर बराबर ७० अफगानी रूपैया) मूल्यका ९० भन्दा बढी मर्मतसम्भार परियोजना सम्पन्न भएका छन् ।

हकशेनासका अनुसार सुरु गरिएका परियोजनामा देशका विभिन्न भागमा करिब एक हजार किलोमिटर सडक, ३० वटा पुलका खम्बा, जलाशययुक्त बाँध र सुरक्षात्मक पर्खाल निर्माण भएका छन् । काबुल-कान्दाहार राजमार्ग, अफगान रिङ रोड निर्माण र अफगानिस्तानको राष्ट्रिय राजधानी काबुललाई नौ वटा उत्तरी प्रान्तसँग जोड्ने सलाङ सुरुङको पुनर्निर्माण सार्वजनिक कार्यका लागि मन्त्रालयको उपलब्धिमध्ये एक हो ।

यसैबीच, उपअर्थमन्त्री अब्दुल लतिफ नजरीले प्रशासनले आर्थिक चुनौतीहरू पार गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्ने प्रयासमा रेलवे, राजमार्ग, ऊर्जा विकास र खानी र पारदर्शी निकासीजस्ता पूर्वाधार परियोजनाहरू सुरू गर्ने बताए । *रासस/सिन्ह्वा*

## लिक्विडेटर खारेजीको ३५ दिने हकदाबीको सम्बन्धी सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. १९१२९१।०७४।०७५, २०७५/०२/२७ मा दर्ता भएको **सिटिजन वाचडग मिडिया प्रा.लि.**को मिति २०८०/०९/२५ विशेष साधारणसभाले कम्पनीलाई स्वेच्छामा खारेज गर्ने निर्णय गरेकोले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी प्रक्रियामा लगिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगायतको दाबी भएमा स-प्रमाणसहित आजको मितिले ३५ दिन भित्र दाबी पेश गर्न आउनु भनी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । दाबी गर्न आउँदा सक्कल प्रमाणसहित आउन अनुरोध गरिन्छ ।

**लिक्विडेटर: वीरेन्द्र सिवाकोटी इ.प.नं.: २६७**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/१०/०१**

यस कम्पनीको मिति २०८०/०८/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि.के. म्याजेष्टिक ट्रेक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ब्लीसफुल नेपाल ट्रकिङ्ग एण्ड टुर प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ब्लीसफुल नेपाल ट्रकिङ्ग एण्ड टुर प्रा.लि.**(प्रा.लि.नं.१२०७७५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/०१ गते)

पृथी राज जोशीको नाति, नोख राज जोशीको छोरा, दुर्गा जोशीको पति ललितपुर जिल्ला, बखुम्बहाल वडा नं. १२ (साबिक: बखुम्बहाल वडा नं ११, ललितपुर बस्ने उत्तम राज जोशीको मिति २०८०/०६/२३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको न्युरोड शाखामा रहेको बचत खाता नं.००५००२१३५८७०००९१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय न्युरोड, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय न्युरोड, काठमाण्डौ फोन नं. ०१-५३३१७१३

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/१०/०१**

यस कम्पनीको मिति २०८०/०७/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लिडरसिप एकेडेमी नेपाल एट एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.** (प्रा.लि.नं. १६७५०३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति :२०८०/१०/०१**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. १६५३ मिति २०७९/१०/१५ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २८०६ मिति २०८०/०१/१२ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, खयर, सिसौ, कर्मा र बर्रो जातका गोलिया थान ७३ को ७०८.५१ काठ, साल जातको दाउरा २.०० चट्टा र अन्य जातको दाउरा १.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि १६औं दिनको दिउँसो १२:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री रामकुट्टी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी–४, बाँके**

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति :२०८०/१०/०१**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.न. २४७१ मिति २०७९/१२/२० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. १२६९ मिति २०८०/०८/०८ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, खयर, सिसौ, धौटी र अन्य जातका गोलिया थान १४६ को ७५२.१५ क्यू.फि. काठ, साल जातको दाउरा २.०० चट्टा र अन्य जातको दाउरा १.५० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको दिउँसो १२:३० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जागृती सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी–३, भवानियापुर, बाँके**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MOUFID CO WLL HOSPITALITY & GENERAL CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०३/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२९ | LT. No. 287983 | चलानी नं. ६०२०३५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1500 | ५३,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Worker | 0 | 5 | 1000 | ३५,८०० | | | | | | | |
| 3 | Labor | 5 | 0 | 1000 | ३५,८०० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd. — Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HADI SALEH AL HAIDER AND PARTNERS COMPANY AL HAIDER CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/२८ | LT. No. 297793 | चलानी नं. ६०२१२९६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 25 | 0 | 1000 | ३५,३२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 5 | 0 | 2500 | ८८,३०५ | | | | | | | |
| 3 | Electrical Cable Connecter | 5 | 0 | 1600 | ५६,५१५ | | | | | | | |
| 4 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,५८० | | | | | | | |

कम्पनी : MAHER BIN ABDULLAH BIN ISSA AL-IBRAHIM CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति २०८०/०९/२९ | LT. No. 297977 | चलानी नं. ६०२१२९५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले   सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. — श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAMASAT WARDAH TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०९/२९ | LT. No.298009 | चलानी नं. ६०२१२९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 3 | 0 | 1500 | ५२,९८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 3 | 0 | 1400 | ४९,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULAZIZ BIN ABDULLAH BIN AKRESH CONTRACTING CO. IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/२९ | LT. No. :298008 | चलानी नं. ६०२१२९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 6 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd — श्रम इजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAMS MUBARAK COMPANY FOR CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०९/२९ | LT. No. 297996 | चलानी नं. ६०२१२९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८/९ गते (22/23 Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSES P. LTD. — Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD

पूर्व स्वीकृति मिति २०८०/०९/२९ | LT. No. 298000 | चलानी नं. ६०२१२९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1200 | ४२,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd. — श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YS PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०९/२९ | LT. No.297964 | चलानी नं. ६०२१२९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ८ गते (22nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD. — श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११९२०० | प्रति तोला – ११८६५० | प्रति तोला – १४२० |



**धान थन्क्याउँदै किसान** | धान थन्क्याउने तयारी गर्दै इलामको माङसेबुङ गाउँपालिका–१ गजुरमुखीका किसान ।

*तस्बिरः रामकुमार लिम्बू/रासस*

औषधि लिमिटेडलाई प्रधानमन्त्रीको निर्देशन

## औषधि उत्पादनको काम तत्काल थाल्नू

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल औषधि लिमिटेडबाट औषधि उत्पादनका निम्ति भएका प्रयासको सराहना गर्दै २० प्रकारका औषधि उत्पादनको काम तत्काल थाल्न निर्देशन दिएका छन् । नेपाल औषधि लिमिटेडका अध्यक्ष यज्ञ न्यौपानेसहितको टोलीलाई आइतबार आफ्नै कार्यकक्षमा बोलाएर प्रधानमन्त्रीले तत्काल उत्पादन थाल्न निर्देशन दिएका हुन् ।

त्यस अवसरमा प्रधानमन्त्रीले विगतमा नेपाल औषधि लिमिटेडले औषधि उत्पादनका क्षेत्रमा राम्रो काम गरेको र पछिल्लो समय त्यसमा अवरोध देखिएको भन्दै नयाँ ढंगले काम अगाडि बढाउन निर्देशन दिए । 'विगतमा नेपाल औषधि लिमिटेडले औषधि उत्पादनका क्षेत्रमा राम्रो काम गरेको थियो, बीचमा चाहिँ तलमाथि भएको मैले बुझेँ,' प्रधानमन्त्री दाहालले भने, 'औषधि उत्पादनको कामलाई नयाँ ढंगले गति दिनुपर्छ भनेर नै मैले यो बैठक बोलाएको हुँ । तपाईंहरू काम सुरू गर्नुस् सरकारको तर्फबाट जे-जस्तो सहयोग गर्नुपर्छ, त्यसका निम्ति म तयार छु ।'

प्रधानमन्त्रीले अहिले २० वटा औषधि उत्पादनबाट काम सुरू गरेर भविष्यमा त्यसको गुणस्तर र मात्रा दुवै बढाउनुपर्नेमा जोड दिए । उनले भने, 'देश आत्मनिर्भर बन्ने आशालाग्दो एउटा क्षेत्र यो पनि हो । सबै कुरा एकैपटक नहोला । तपाईंहरू काम सुरू गर्नुस् । म पनि अर्थ मन्त्रालय र उद्योग मन्त्रालयसँग थप छलफल गर्छु । यस क्षेत्रमा जनतालाई महसुस हुनेगरी काम गरौं ।'

औषधि लिमिटेडका अध्यक्ष न्यौपानेले हाल १० प्रकारका औषधि उत्पादन भइरहेको र तत्काल २० प्रकारका औषधि उत्पादनका लागि आवश्यक गृहकार्य जारी रहेको जानकारी दिएका प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

अध्यक्ष न्यौपानेले औषधि लिमिटेडले भुक्तानी गर्नुपर्ने विगतको दायित्वका कारण काम प्रभावकारी हुन नसकेको बताउँदै केही प्राविधिक जनशक्तिको व्यवस्था, मेसिनहरूको गुणस्तर वृद्धि र केही नयाँ मेसिन खरिद गरी उत्पादनलाई व्यवस्थित तुल्याइने प्रतिबद्धता व्यक्त गरे ।

## निकासा हुने भयो निर्माण व्यवसायीको साढे ६ अर्ब

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्माण व्यवसायीलाई सरकारका तर्फबाट भुक्तानी गर्नुपर्ने करिब साढे छ अर्ब रूपैयाँ रकम तत्काल भुक्तानी हुने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनपछि अर्थ मन्त्रालयले उक्त रकम भुक्तानीको प्रक्रिया थालेको छ ।

आइतबार आफ्नै कार्यकक्षमा निर्माण व्यवसायी, सरोकारवाला मन्त्री र सचिवहरूसँग भएको छलफलपछि प्रधानमन्त्री दाहालले निर्माण व्यवसायीलाई सरकारकातर्फबाट भुक्तानी गर्नुपर्ने रकम तत्काल उपलब्ध गराउन निर्देशन दिएका थिए । छलफलमा निर्माण व्यवसायीसँगै अर्थमन्त्री डा. प्रकाशरण महत, भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वाला, मुख्यसचिव डा. वैकुण्ठ अर्याल, अर्थसचिव डा. कृष्णहरि पुष्कर, भौतिक योजना तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाललगायत सहभागी थिए ।

छलफलमा प्रधानमन्त्रीले निर्माण व्यवसायीको गत आर्थिक वर्षकै भुक्तानी गर्न बाँकी एक अर्ब ७१ करोड रूपैयाँ र चालु आवको अहिलेसम्मको दायित्व गरी छ अर्ब ३० करोड रूपैयाँ तत्काल निकासा गरेर विकास निर्माणका काममा गति दिन अर्थ मन्त्रालयलाई निर्देशन दिएको जनाइएको छ ।

प्रधानमन्त्रीको निर्देशनपछि भएको छलफलमा अर्थ मन्त्रालयले आइतबार नै भुक्तानीको प्रक्रिया अगाडि बढाउने निर्णय गरेको जनाइएको छ । यो निर्णयसँगै विकास निर्माणका कामले गति लिने र अर्थतन्त्र थप चलायमान हुने अपेक्षा गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

## भक्तपुर उद्योग वाणिज्य संघको अध्यक्षमा रोशनी

**भक्तपुर (प्रस)–** भक्तपुर उद्योग वाणिज्य संघको अध्यक्षमा रोशनी धौवञ्जा निर्वाचित भएकी छन् । संघको ३६औं साधारणसभा एवं अधिवेशन-२०८० ले धौवञ्जाको अध्यक्षतामा सर्वसम्मतले नयाँ नेतृत्व चयन गरेको हो ।

संघको आइतबार सम्पन्न अधिवेशनले संघको ५७ वर्षीय इतिहासमा पहिलोपटक महिला अध्यक्ष निर्वाचित भएको निर्वाचन समितिका संयोजक अधिवक्ता गजेन्द्रशंकर तिमिलाले जानकारी दिए । उनका अनुसार यसअघि संघका वरिष्ठ उपाध्यक्ष रहेकी धौवञ्जाको अध्यक्षतामा २४ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन भएको हो ।

अधिवेशनले वरिष्ठ उपाध्यक्षमा कृष्णमुरारी न्यौपाने, उपाध्यक्षमा गणेशहरि प्रजापति, वस्तुगत उपाध्यक्षमा राजेन्द्रप्रसाद प्रजापति, एसोसियट उपाध्यक्षमा दिनेश गोसाईं, महासचिवमा नवीन प्रजापति, सचिवमा सचिन्द्र प्रधानांग र कोषाध्यक्ष विश्वराम दुवाललाई निर्वाचित गरेको छ ।

सदस्यमा अमरबहादुर मानन्धर, ऋषिकेश श्रेष्ठ, कृतन अवाल, गोकर्ण न्यौपाने, गौतम सुखजु, पृथ्वीभक्त प्रजापति, रञ्जित मारिखू, राजेश त्वानावासु, रुकेश रञ्जित, सुरेन्द्र प्रजापति, श्यामप्रसाद मानन्धर निर्वाचित भएका छन् ।

महिला सदस्यमा मञ्जु सुवेदी र सरस्वती कार्की, वस्तुगत सदस्यमा गणेशभक्त हुँमागाइँ, एसोसियट सदस्यमा जीतेन्द्र खायमली र राजेश त्वानावासु निर्वाचित भएका निर्वाचन समितिका संयोजक तिमिलाले जानकारी दिए ।

## नेप्से उकालो यात्रा जारी, २१ सय बिन्दुमा उक्लियो




**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजार दोहोरो अंकले बढेको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३१.६२ अंकले बढेको हो । यससँगै नेप्से दुई हजार १२०.६२ को बिन्दुमा उक्लिएको छ ।

आइतबार ३१४ कम्पनीको एक करोड ६६ लाख पाँच हजार २३४ कित्ता सेयर ९४ हजार ५२६ पटक खरिद बिक्री हुँदा पाँच अर्ब ४५ करोड चार लाख २१ हजार ८०६ रूपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । यस दिन होटल तथा पर्यटन समूहको उपसूचक ०.०१ र व्यापार समूह ०.९४ अंकले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जनविद्युत् समूह ४.५८ र अन्य समूह २.७७ प्रतिशतले बढेको छ ।

जलविद्युत् समूहका पाँच कम्पनीको सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । हिमालयन पावर पार्टनर लिमिटेड, कालिका पावर कम्पनी लिमिटेड, तेह्रथुम पावर कम्पनी लिमिटेड, मध्यभोकोशी जनविद्युत कम्पनी लिमिटेड र माथिल्लो मैलुङखोला जलविद्युत् लिमिटेडको सेयर मूल्य १० प्रतिशतले बढेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने मेगा म्युचुअल फण्ड-१ को सेयर मूल्य ९.५३ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याको आधारमा आइतबार सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड प्रमोटर सेयर ३५ करोड ६८ लाख ३८ हजार ७२० रूपैयाँबराबरको १२ लाख ७४ हजार ४२४ कित्ता सेयर किनबेच भएको छ ।

## नवलपरासी पूर्वमा आठ करोडभन्दा बढीको सुन्तला उत्पादन

**मध्यबिन्दु (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा यस वर्ष आठ करोड ७४ लाख ९० हजार रूपैयाँ बराबरको सुन्तला उत्पादन भएको छ ।



जिल्लामा सुन्तला जोन कार्यक्रमअन्तर्गत ८१८ हेक्टरमा सुन्तलाखेती हुने गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका सूचना अधिकारी रणबहादुर महतोले बताए । 'यस वर्ष जिल्लामा एक हजार ३४६ मेट्रिकटन सुन्तला उत्पादन भएकामा सो बिक्रीबापत कृषकले आठ करोड ७४ लाख ९० हजार रूपैयाँ अम्दानी गरेका छन्,' उनले भने । गत वर्षभन्दा यस वर्ष ७.८६ प्रतिशतले सुन्तला उत्पादन वृद्धि भएको सूचना अधिकारी महतोले बताए ।

गत आर्थिक वर्ष २०७९/८० मा जिल्लामा एक हजार २५० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । यसबाट सात करोड ५० लाख रूपैयाँ बराबरको आम्दानी भएको महतोले जानकारी दिए । सुन्तलाखेती गरिएको जमिनमध्ये १३२ हेक्टरमा प्रतिहेक्टर १० हजार मेट्रिकटन उत्पादन हुने गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नवलपुरका प्रमुख सुनिलकुमार सिंहले बताए ।

'जिल्लाको बौदिकाली, बुलिंटार गाउँपालिका, गैँडाकोट नगरपालिका-१८, हुप्सेकोट वडा नं ५, देवचुली वडा नं ६, मध्यबिन्दु-८ र १५ वडा गरी कूल १७ वडामा सुन्तला जोन कार्यक्रम सञ्चालन गरिएको छ,' उनले भने, 'पहिले सामान्यरूपमा सुन्तला लगाउने किसानले सुन्तला जोन कार्यक्रमपछि सरकारबाट विभिन्न खालका प्राविधिक सहयोग र अनुदान प्राप्त गरेर यसतर्फ आकर्षण बढ्दै गएको देखिन्छ ।'

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आव २०७५/७६ देखि नवलपरासी(बर्दघाट सुस्तापूर्व)मा सञ्चालनमा आएको हो । जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागू नभएका केही स्थानमा पनि सुन्तलाखेती हुने गरेको कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले बताए । पछिल्लो समय जिल्लाको पहाडी क्षेत्रका किसानको जीविकोपार्जनको गतिलो माध्यम सुन्तला बन्दै गएको छ ।

बौदीकाली गाउँपालिका-५ बबकका कृषक गेसबहादुर रानाले यो याममा सुन्तला उत्पादनमा वृद्धि भएको बताए । 'यो क्षेत्रमा अन्य खेतीभन्दा सुन्तला राम्रो उत्पादन हुने गरेको छ, अघिल्ला वर्षमा बजारको समस्या हुने गरेकामा यस वर्ष कतिपय व्यापारी बगैँचामै पुगेर खरिद गरेको हुँदा किसानलाई सुन्तला बिक्रीमा सहजता मिलेको छ,' उनले भने । नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा उत्पादन भएको सुन्तला स्थानीय कावासोती, दलदले बजारसहित नारायणगढ, काठमाडौंलगायत बजारमा निर्यात हुने गरेको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ